नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

# बुलेटिन

महालेखा नियन्त्रक कार्यालयको आवधिक गतिविधि

वर्ष: १ अंक: १ २०७८ असार Year: 1 Issue: 1 July 2021

## उपप्रधानमन्त्री तथा अर्थमन्त्रीको सन्देश



कोष व्यवस्थापन, खर्च व्यवस्थापन, लेखापालन, आन्तरिक नियन्त्रण तथा एकीकृत वित्तीय प्रतिवेदन तयार गर्नका लागि जिम्मेवार निकायको रूपमा रहेको महालेखा नियन्त्रक कार्यालयले सम्पादित मुख्य मुख्य कार्यहरू समेटेर पहिलो पटक बुलेटिन प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक वित्त व्यवस्थापनलाई नतिजामूलक, गुणस्तरीय, उत्तरदायी, पारदर्शी तथा लागत प्रभावी बनाउन विभिन्न सुधारका काम गर्दै आएको छ । विद्युतीय सुशासनको क्षेत्रमा सरकारकै अग्रणी निकायको रूपमा रहेको यस कार्यालयले सार्वजनिक वित्त व्यवस्थापनका लागि नवीनतम प्रविधिहरूको प्रयोग गर्दै आएको छ । प्रविधिहरूको प्रयोगसँगै यसको प्रभावकारी कार्यान्वयन तथा प्रणालीहरूको दिगोपना र सुरक्षामा समेत उत्तिकै ध्यान दिनु जरुरी छ । विकास गरिएका सूचना प्रणालीहरूको सञ्चालन स्वयं मानवीय पक्षबाट हुने भएकोले कार्यसम्पादनमा सम्बद्ध व्यक्तिको निष्ठामा समेत यसको प्रभावकारिता निर्भर रहन्छ । तसर्थ, सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा संलग्न व्यक्तिहरू अनुशासित, नैतिकवान्, व्यावसायिक र सदाचारयुक्त भई वित्तीय अनुशासनलाई केन्द्र विन्दुमा राखी कार्य सम्पादन गर्नु हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा हालसम्म गरेको उपलब्धिलाई संस्थागत गर्दै आगामी दिनमा अझ बढी प्रविधिगत, मनोवृत्तिगत तथा नवप्रवर्तनमुखी सुधार गर्दै अगाडि बढ्न आग्रह गर्दछु । कार्यालयबाट सम्पादित हुने महत्त्वपूर्ण गतिविधिहरूलाई समेट्ने गरी बुलेटिन प्रकाशनले निरन्तरता पाउनेछ भन्ने अपेक्षा राख्दै बुलेटिन तयार गर्ने कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**- विष्णुप्रसाद पौडेल**
उपप्रधानमन्त्री तथा अर्थमन्त्री

## महालेखा नियन्त्रकको सन्देश



महालेखा नियन्त्रक कार्यालय सार्वजनिक वित्त व्यवस्थापनमा नेतृत्वदायी भूमिकामा रहेको संस्था हो । यसले कोष व्यवस्थापन, खर्च व्यवस्थापन, लेखाङ्कन, आन्तरिक नियन्त्रण तथा वित्तीय प्रतिवेदन तर्जुमाको क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । वि.सं. २००८ सालमा महालेखापाल कार्यालयको रूपमा स्थापना भई वि.सं. २०३२ सालमा महालेखा नियन्त्रक कार्यालयको नाममा रूपान्तरित भएको यो संस्थाले हालसम्म आइपुग्दा सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा ठुलो फड्को मारेको छ । यस क्षेत्रको सुधारका लागि स्थापनाकाल देखि हालसम्म योगदान पुर्‍याउनु हुने सबै अग्रज तथा कर्मचारीहरूको योगदानको स्मरण गर्दछु।

यस कार्यालयको मूल ध्येय सार्वजनिक वित्त व्यवस्थापनलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाई समष्टिगत आर्थिक स्थायित्व कायम गर्नु हो । यसका लागि विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन पूर्व सर्त हुन् । विनियोजन कुशलता र कार्यान्वयन दक्षताको लागि यस कार्यालयको भूमिका सहजकारी भएता पनि वित्तीय अनुशासन कायम गराउन यस कार्यालयको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

महालेखा नियन्त्रक कार्यालयले पछिल्ला दिनहरूमा सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा महत्त्वपूर्ण नवप्रवर्तनमुखी (Innovative) सुधारहरू गर्दै आएको छ । सार्वजनिक आर्थिक कारोबारहरूलाई प्रणालीसँग आबद्ध गरिएको छ । बजेट व्यवस्थापनका लागि विकास गरिएको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), खर्च व्यवस्थापनका लागि विकास गरिएको कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (CGAS) तथा भुक्तानी व्यवस्थापनको लागि विकास गरिएको एकल खाता कोष (TSA) बीच अन्तर-आबद्धता गर्ने काम सम्पन्न भएको छ । आन्तरिक लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउन लेखापालन कार्यबाट स्वतन्त्र गराई लेखा समूह भित्रैबाट छुट्टै जनशक्ति व्यवस्थापन गर्ने कार्यको प्रारम्भ गरिएको छ । वित्तीय प्रतिवेदन प्रणालीलाई अन्तर्राष्ट्रिय मानदण्ड अनुकूल बनाउन नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित अनलाइन पोर्टल (NPSAS Based Online Portal) विकास गरी सञ्चालनमा ल्याइएको छ । तीन तहका सरकारको लेखाङ्कन तथा प्रतिवेदन कार्यमा एकरूपता ल्याउन महालेखापरीक्षकबाट स्वीकृत फारमहरूको ढाँचा निर्धारण, एकीकृत प्रणालीको विकास तथा GFS 2014 बमोजिम अन्तर्राष्ट्रिय मानदण्ड अनुकूल खाता सूची (Chart of Account) परिमार्जन गरी लागु गरिएको छ । यी सुधारका प्रयासहरूबाट सार्वजनिक वित्त व्यवस्थापन क्षेत्र सबल र सुदृढ बन्दै गएको छ ।

**संरक्षक**
श्री मधुकुमार मरासिनी
महालेखा नियन्त्रक

**सल्लाहकार**
श्री ज्ञानेन्द्र पौडेल
श्री उमाकान्त आचार्य
सह-महालेखा नियन्त्रक

**सम्पादक मण्डल**
**प्रधान सम्पादक**
श्री थानप्रसाद पंज्ञानी
सह-महालेखा नियन्त्रक

**सम्पादक**
श्री विष्णुहरि बराल
उप-महालेखा नियन्त्रक

**सदस्य**
श्री भेष प्रसाद भुर्तेल
श्री कृष्ण पुडासैनी
उप-महालेखा नियन्त्रक

श्री गोकर्ण राज सुयल
श्री मनोजकुमार जोशी
लेखा अधिकृत

श्री लक्षित घिताल
लेखापाल

श्री सुनिता बिजुक्छे (ब्यान्जू)
कम्प्यूटर अपरेटर

**प्रकाशक**
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाण्डौ ।

फोन नं. ९७७-१-४७७१२९०
ईमेल: saps@fcgo.gov.np
फ्याक्स: ९७७-१-४७७१२९१
वेवसाईट : fcgo.gov.np

विद्युतीय सुशासनलाई सार्थक बनाउन कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष तथा निवृत्तिभरण बापतको रकम विद्युतीय भुक्तानी (Electronic Fund Transfer) मार्फत डिजिटल प्रणालीमा आबद्ध गरिएको छ । यसै गरी, सार्वजनिक वित्त प्राप्तिमा विभिन्न विद्युतीय साधनहरू मार्फत सरकारी निकायहरूले सञ्चालनमा ल्याएका प्रणालीहरू तथा भुक्तानी सेवा प्रदायकहरूलाई राजस्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System) मा आबद्ध गरिएको छ । सबै सार्वजनिक सम्पत्तिको लेखाङ्कन गर्न सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System ) विकास गरी सञ्चालनमा ल्याइएको छ । प्रणालीहरूको दिगोपना र निरन्तरताको लागि हेटौडामा Data Recovery Center स्थापना गरी सञ्चालनमा ल्याइएको छ । हरेक प्रदेशमा प्रणालीगत विषयमा प्राविधिक सहयोग उपलब्ध गराउन सूचना प्रविधि सहयोग केन्द्र (IT Support Center) स्थापना गरिएको छ । साथै, सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रमा विकास गरिएका प्रणालीहरूको सञ्चालनमा सरलता र सहजता ल्याउन सम्बन्धित कर्मचारीहरूको क्षमता विकासमा समेत लगानी गरिएको छ ।

सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा प्रणालीहरूको विकास सँगै हाम्रो दृष्टिकोण, सोचाई, काम गर्ने तौरतरिकामा समेत परिवर्तन ल्याउनु जरुरी छ । आर्थिक कारोबारको गणितीय शुद्धता र नियमितता हेर्ने कार्यमा मात्र हाम्रो भूमिका सीमित छैन । अबका दिनमा हाम्रो भूमिका सूचना प्रविधि विज्ञ तथा यस क्षेत्रको प्रशिक्षक हुनु पनि हो । कुशल, दक्ष तथा जबाफदेही खर्च व्यवस्थापन र वित्तीय अनुशासनको लागि प्रदेश तथा स्थानीय तहहरूलाई पनि पथप्रदर्शन गर्नुपर्ने दायित्व हामीमा छ । तसर्थ, हाम्रा हरेक क्रियाकलाप पारदर्शी, जनमुखी, लागत प्रभावी, जबाफदेही र जिम्मेवार हुनु अपरिहार्य छ। हाम्रो कार्यसम्पादनको मुलमन्त्र नैतिकता, इमानदारिता, सदाचारिता र व्यावसायिकता हुनुपर्दछ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनको क्षेत्रमा सहजकारी तथा नेतृत्वदायी दुवै भूमिकामा हामी क्रियाशील हुनु जरुरी छ । सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा विकास गरिएका प्रणालीहरूको अन्तरआवद्धता र दिगोपनामा जोड दिँदै सरकारको विद्युतीय सुशासन निर्माण गर्ने सोचलाई पुरा गर्ने दिशामा केन्द्रित हुनु अपरिहार्य छ ।

यस कार्यालयबाट पहिलो पटक “महालेखा नियन्त्रक कार्यालय बुलेटिन” प्रकाशनको सुरुवात भएको छ । यो प्रकाशन हाम्रा गतिविधिहरूको समीक्षा पनि हो । यसले हामीलाई पारदर्शिताको कसीमा पनि राख्दछ। तसर्थ, आगामी दिनमा समेत प्रस्तुत बुलेटिन प्रकाशनको निरन्तरताको लागि सम्बद्ध सबैमा आग्रह गर्दछु। महालेखा नियन्त्रक कार्यालयको संस्थागत सुदृढीकरण र सबलीकरणमा योगदान गर्नुहुने सबैमा धन्यवाद दिँदै आगामी दिनमा समेत थप सुधारका पहलहरू अगाडि बढाउन सकियोस् भन्ने कामना गर्दछु । सार्वजनिक वित्त व्यवस्थापन सुधारको क्षेत्रमा सहयोग गर्नुहुने सबै कर्मचारी, अन्य सरकारी निकायहरू तथा दातृ निकायहरूलाई धन्यवाद दिन चाहन्छु ।

**- मधुकुमार मरासिनी**
महालेखा नियन्त्रक

## सम्पादकीय

महालेखा नियन्त्रक कार्यालयले पहिलो पटक “महालेखा नियन्त्रक कार्यालय बुलेटिन” प्रकाशनको सुरुवात गरेको छ । यो प्रकाशन कार्यालयको लागि आवधिक गतिविधिहरूको समीक्षा हो भने सरोकारवालाको लागि सूचनाको हक र पारदर्शिताको महत्त्वपूर्ण आधारशिला हो । सार्वजनिक वित्त व्यवस्थापनको जिम्मेवार निकायको रूपमा रहेको यस कार्यालयबाट सुरुवात भएको यस किसिमको प्रकाशनले वित्तीय सुशासनलाई योगदान पुर्‍याउने देखिन्छ । यस किसिमको प्रकाशनले कार्यालयले सम्पादन गरेको महत्त्वपूर्ण कार्यहरूको सम्बन्धमा सरोकारवालालाई सूचित गराउने मात्र नभई भावी दिनमा कार्यसम्पादनलाई अझ बढी प्रभावकारी, सिर्जनात्मक तथा नवप्रवर्तनमुखी बनाउन आवश्यक पृष्ठपोषण प्राप्त गर्ने आधार समेत तय गर्ने अपेक्षा राखिएको छ ।

यस बुलेटिनमा कार्यालयले सम्पादन गरेका मुख्य मुख्य कार्यहरूलाई समेटिएको छ । यो कार्यालय विद्युतीय सुशासनको क्षेत्रमा सरकारकै अग्रणी निकायको रूपमा आफ्नो पहिचान कायम राख्दै राष्ट्रिय सूचना प्रविधि पुरस्कार, २०२१ (सार्वजनिक क्षेत्र) बाट सम्मानित समेत भएको छ । सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा विद्युतीय सुशासन कायम गर्न यस कार्यालयले नेतृत्वदायी भूमिका निर्वाह गर्दै अगाडि बढेको छ । बुलेटिन प्रकाशन पहिलो प्रयास भएकोले केही धेरै पृष्ठको बन्न गएको छ । बुलेटिनलाई त्रुटि रहित बनाउन अधिकतम प्रयास गरिएको भए तापनि केही त्रुटिहरु देखिन आएमा सुझाव एवं पृष्ठपोषण प्रदान गरिदिनु हुन सम्वद्ध सबैमा अनुरोध गर्दछौं । बुलेटिन प्रकाशन कार्यमा सहयोग गर्नुहुने सरोकारवाला सबैलाई हार्दिक धन्यवाद दिँदै आगामी दिनमा समेत यस कार्यालाई निरन्तरता दिने विश्वास व्यक्त गर्दछौं ।

सम्पादक मण्डल

# सञ्चित कोषको एकीकृत वित्तीय प्रतिवेदन पेश

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०७६/७७ को तीनै तहको सञ्चित कोष र अन्य सरकारी कोषको एकीकृत वित्तीय विवरण अर्थ मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा पेश गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा तत्सम्बन्धी नियमावली, २०७७ अनुसार संघीय संञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालयमा कार्तिक मसान्तसम्ममा र महालेखा परीक्षकको कार्यालयमा पुस मसान्तसम्ममा पेश गर्नुपर्ने जिम्मेवारी यस कार्यालयको रहेको हुँदा सो व्यवस्था बमोजिम सोको प्रारम्भिक प्रतिवेदन मिति २०७७/०७/२७ मा महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनीले माननीय अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मालाई पेश गर्नुभएको हो ।

बाह्र भागमा विभाजन गरी तयार गरिएको उक्त प्रतिवेदनमा भाग एकदेखि भाग बाह्रसम्म क्रमशः मूल आर्थिक विवरण, संघीय सरकारको सञ्चित कोषको अवस्था, राजस्वको अवस्था, बजेट तथा खर्चको अवस्था, धरौटीको अवस्था, विविध कोषको अवस्था, शोधभर्ना प्राप्तिको अवस्था, नेपाल सरकारको ऋण दायित्वको अवस्था, नेपाल सरकारको शेयर तथा ऋण लगानीको अवस्था, प्रदेश सरकारको आय व्यय, स्थानीय तहको आय व्यय र नेपाल सरकारको सम्पत्ति तथा दायित्व विवरण समावेश गरिएको छ । प्रतिवेदन ग्रहण गर्दै माननीय अर्थमन्त्रीले यो प्रतिवेदनले वित्तीय सुशासन कायम गर्न महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नु भयो । यसैगरी महालेखापरीक्षक श्री टंकमणि शर्माले कोभिड महामारीको बाबजुद तोकिएको समयमै सञ्चित कोषको एकीकृत वित्तीय प्रतिवेदन तयार गरेकोमा खुशी व्यक्त गर्नु भयो ।



*तस्बिर: माननीय अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल समक्ष एकीकृत वार्षिक प्रतिवेदन पेश गर्दै महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनी (२०७७/०७/२७)*



*तस्बिर: माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा समक्ष एकीकृत वार्षिक प्रतिवेदन पेश गर्दै महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनी (२०७७/०७/२७)*


# आर्थिक वर्ष २०७६/७७ मा पेश गरेको एकीकृत वित्तीय प्रतिवेदन अनुसार

- नेपाल सरकारले रु. ८ खर्ब ४१ अर्ब ३१ करोड राजस्व सङ्कलन गरेको छ । जसमध्ये बाँडफाँड हुने राजस्व रु. २ खर्ब ९३ अर्ब ४६ करोड कटाई संघीय सञ्चित कोषमा जम्मा हुने बाँडफाँड पछिको कर, अन्य कर तथा बेरुजु रकम समेत रु. ५ खर्ब ४७ अर्ब ८४ करोड रहेको छ ।
- नेपाल सरकारको कुल खर्च (वित्तीय व्यवस्था समेत) रु. १० खर्ब ९१ अर्ब १३ करोड रहेको छ । वार्षिक बजेट रु. १५ खर्ब ३२ अर्ब ९६ करोडको तुलनामा खर्च ७१.१८ प्रतिशत छ । कुल खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अंश क्रमशः ७१.८७ प्रतिशत, १७.३३ प्रतिशत र १०.८१ प्रतिशत रहेको छ ।
- कुल बजेट मध्ये नेपाल सरकार श्रोतबाट ७६.७२ प्रतिशत र बाँकी २३.२८ प्रतिशत वैदेशिक श्रोतबाट व्यहोर्ने गरी विनियोजन भएको छ । कुल विनियोजित रकमको ७१.१८ प्रतिशत खर्च भएकोमा नेपाल सरकारको श्रोतबाट ८७.२० प्रतिशत र वैदेशिक श्रोतबाट १२.८ प्रतिशत खर्च भएको छ । वैदेशिक सहायता अन्तर्गत कुल रकम मध्ये १० दातृ निकायले ९०.९२% योगदान रहेको छ । बहुपक्षीय दातृ निकाय IDA र ADB को योगदान क्रमशः ३४.८६% र २२.१९% रहेको छ ।
- सरकारको कार्यात्मक वर्गीकरणको आधारमा सामान्य सार्वजनिक सेवामा सबै भन्दा बढी रु. ५ खर्ब २२ अर्ब ९४ करोड अर्थात् ४७.९३ प्रतिशत खर्च भएको छ । मनोरञ्जन, संस्कृति तथा धर्म शीर्षकमा सबैभन्दा कम ०.६३ प्रतिशत खर्च भएको छ ।
- नेपाल सरकारको सञ्चित कोषबाट वित्तीय हस्तान्तरण मार्फत रु. १ खर्ब १८ अर्ब ४१ करोड प्रदेशहरूलाई र रु. २ खर्ब ५० अर्ब ६५ करोड स्थानीय तहहरूलाई प्रवाह गर्ने अनुमान गरिएकोमा विभिन्न प्रदेशलाई रु. १ खर्ब ७ अर्ब ४० करोड र स्थानीय तहहरूलाई कुल रकम रु. २ खर्ब ४३ अर्ब २ करोड हस्तान्तरण भएको छ ।


## १. नेपाल सरकारको आ.व. २०७६/७७ को बजेट र खर्चको तुलनात्मक विवरण

| बजेटको प्रकार | वार्षिक बजेट | वार्षिक खर्च | प्रतिशत (%) |
|---|---|---|---|
| चालु खर्च | ९५७१०१४ | ७८४१४८९ | ८१.९३ |
| पुँजीगत खर्च | ४०८००५९ | १८९०८४७ | ४६.३४ |
| वित्तीय व्यवस्था | १६७८५९८ | ११७९०१६ | ७०.२४ |
| जम्मा | १५३२९६७१ | १०९११३५२ | ७१.१८ |

### १. सुरू बजेटको तुलनामा खर्च प्रतिशत




### २. कुल खर्चको तुलनामा चालु, पुँजीगत र वित्तीय व्यवस्थाको अवस्था (प्रतिशतमा)




## २. नेपाल सरकारको आ.व. २०७६/७७ आय व्ययको संक्षिप्त विवरण

**रकम रू. लाखमा**

| सि.नं | शिर्षक | सुरु अनुमान | संशोधित अनुमान | यथार्थ | सुरु अनुमानको तुलनामा प्रतिशत |
|---|---|---|---|---|---|
| १ | राजस्व तथा अनुदान | १०३९१३३७ | ७५८८२२२ | ७७२२५५८ | ७४.३२ |
| २ | संघीय सञ्चित कोषमा दाखिला हुने राजस्व | ९८११३८२ | ७२६८३०३ | ७५३०६४० | ७६.७५ |
| ३ | राजस्व | १११२०३३२ | ८२७०१७० | ८४१३१२४ | ७५.६६ |
| ४ | कर | १००९१६१८ | ७५०४९९२ | ७०४६३६७ | ६९.८२ |
| ५ | अन्य राजस्व | १०२८७१४ | ७६५१७८ | १३६६७५७ | १३२.८६ |
| ६ | प्रदेश र स्थानीय तहलाई बाँडफाडबाट | १३०८९५० | १००१८६७ | ८८२४८४ | ६७.४२ |
| ७ | राजस्व बाँडफाँड मार्फत | १३०८९५० | १००१८६७ | ८८९५५३ | ६७.९६ |
| ८ | अनुदान | ५७९९५५ | ३१९९१९ | १९१९१८ | ३३.०९ |
| ९ | अनुदान | ५७९९५५ | ३१९९१९ | १९१९१८ | ३३.०९ |
| १० | खर्च | १३६५१०७३ | ९४११२०७ | ९७३२३३७ | ७१.२९ |
| ११ | चालु | ९५७१०१४ | ७०१९६१६ | ७८४१४९० | ८१.९३ |
| १२ | पारिश्रमिक/सुविधा | १४५०८८३ | १४५१५८७ | ११७८३७३ | ८१.२२ |
| १३ | मालसामान तथा सेवाको उपयोग | ७३५५०१ | ४२८७६२ | ३४७५२६ | ४७.२५ |
| १४ | व्याज,सेवा शुल्क तथा वैंक कमिशन | २६९०३७ | २९९१४५ | २६०६०३ | ९६.८७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | सहायता | ९००३ | ६८५३ | १२७७२ | १४१.८६ |
| १६ | अनुदान | ५११९११७ | ३७८७२६४ | ४५४६३३२ | ८८.८१ |
| १७ | सामाजिक सुरक्षा | १५७२७२५ | १०२०५५७ | १४७३२०२ | ९३.६७ |
| १८ | अन्य खर्च | ४१४७४८ | २५४४८ | २२६८२ | ५.४७ |
| १९ | पुँजीगत खर्च | ४०८००५९ | २३९१५९१ | १८९०८४७ | ४६.३४ |
| २० | पुँजीगत खर्च | ४०८००५९ | २३९१५९१ | १८९०८४७ | ४६.३४ |
| २१ | बजेट बचत(-) न्युन (+) | ३२५९७३६ | १८२२९८५ | २००९७७९ | ६१.६५ |
| २२ | वित्तीय व्यवस्था | -३२५९७३५ | -१८२२९८५ | -२००९७७९ | ६१.६५ |
| २३ | आन्तरिक वित्तीय सम्पति | ९८८०६५ | ६७४१७३ | ६००२४२ | ६०.७५ |
| २४ | सार्वजनिक संस्थानमा ऋण लगानी | ३२३६१२ | ३०४४१५ | ४७५८६७ | १४७.०५ |
| २५ | अन्य संस्थामा ऋण लगानी | ४०००० | ३५३२८ | ५०० | १.२५ |
| २६ | संस्थानमा शेयर लगानी | ६२४४५३ | ३३४४३० | १२४३७५ | १९.९२ |
| २७ | वाह्य वित्तीय सम्पति | २४१४७ | १३३५१ | २८९९ | १२.०१ |
| २८ | वैदेशिक ऋण लगानी | २१२४७ | १०४११ | ० | ०.०० |
| २९ | वैदेशिक शेयर लगानी | २९०० | २९४० | २८९९ | ९९.९७ |
| ३० | आन्तरिक दायित्व | -१५५१७६९ | -१५५७९४५ | -१६०९२५८ | १०३.७० |
| ३१ | अन्य संस्थाहरुबाट ऋण प्राप्ति घटाउने | १९५०००० | १९३५२८१ | १९४९०२८ | ९९.९५ |
| ३२ | ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी | ३९८२३१ | ३७७३३६ | ३३९७७० | ८५.३२ |
| ३३ | वाह्य वित्तीय दायित्व | -२७२०१७८ | -९५२५६४ | -९२९२८४ | ३४.१६ |
| ३४ | वैदेशिक ऋणको प्राप्ति घटाउने | २९८८३३३ | १२१०००१ | ११६४८८८ | ३८.९८ |
| ३५ | वैदेशिक ऋण साँवा भुक्तानी | २६८१५५ | २५७४३७ | २३५६०४ | ८७.८६ |
| ३६ | बचत(-) न्युन (+) | ० | ० | -७४३७८ | |

## ३. संचित कोषको अवस्था

आ.व. २०७६/७७ मा संघीय सरकारको संचित कोषमा रु. १० खर्ब ६३ अर्ब २३ करोड ४१ लाख प्राप्ति भएको छ भने खर्च रु. १० खर्ब ४८ अर्ब ८८ करोड ९७ लाख भुक्तानी भएको छ । चालु आ.व.को कोष अवस्था रु. १४ अर्ब ३४ करोड ४३ लाखले धनात्मक रहेको छ भने २०७६/७७ सम्मको कुल संचित कोष रु.२ खर्ब १६ अर्ब ६९ करोड ५५ लाख ऋणात्मक रहेको छ ।

## ४. आ.व. २०७६/७७ सम्मको वैदेशिक अनुदान तथा ऋण तर्फको शोधभर्नाको विवरण

**रकम रू. लाखमा**

| शीर्षक | आ.व. २०७५/७६ सम्मको बाँकी | आ.व. २०७६/७७ सम्मको खर्च | आ.व. २०७६/७७ वैशाख सम्मको शोधभर्ना प्राप्ति | हिसाब मिलान | आ.व. २०७६/७७ सम्मको शोधभर्ना बाँकी |
|---|---|---|---|---|---|
| शोधभर्ना हुने वैदेशिक अनुदान | १४९१६७.७५ | ११२१३०.८७ | १७१४३६.९३ | (२७४.५३) | ९०१३६.२२ |
| शोधभर्ना हुने वैदेशिक ऋण | २६५६८८.५८ | ४७१८३४.२७ | ६०५८६८.८६ | ४३११.२१ | १२७३४२.७८ |
| **कुल जम्मा** | ४१४८५६.३३ | ५८३९६५.१४ | ७७७३०५.७९ | ४०३६.६८ | २१७४७९.०० |

## ५. प्रदेश सरकारको आ.व. २०७६/७७ राजस्व सङ्कलनको विवरण

रकम रू. लाखमा

| सि.नं. | प्रदेशको नाम | राजस्व प्राप्ति | प्रतिशत |
|---|---|---|---|
| १ | प्रदेश नं १ | १०७०६७ | १५.२० |
| २ | प्रदेश नं २ | ९८३१० | १३.९५ |
| ३ | बाग्मती | २१५३६७ | ३०.५७ |
| ४ | गण्डकी प्रदेश | ७१२७९ | १०.१२ |
| ५ | लुम्बिनी प्रदेश | ९७१७३ | १३.७९ |
| ६ | कर्णाली प्रदेश | ५२२९१ | ७.४२ |
| ७ | सुदुरपश्चिम प्रदेश | ६३०२८ | ८.९५ |
| | **जम्मा** | ७०४५१५ | १००.०० |

## ६. प्रदेश सरकारहरुको आ.व. २०७६/७७ को कुल प्राप्ति तथा खर्चको प्रगति विवरण

रकम रू. लाखमा

| सि.नं | प्रदेश | प्राप्ति | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रदेश १ | ३११२४२ | २९८३३२ | ९५.८५ |
| २ | प्रदेश २ | ३१६६९९ | १८०१७२ | ५६.८९ |
| ३ | बाग्मती प्रदेश | ४८३५१० | २७९५०९ | ५७.८१ |
| ४ | गण्डकी प्रदेश | २७३७९३ | २०४१३६ | ७४.५६ |
| ५ | लुम्बिनी प्रदेश | ३४३२०९ | २५४०७१ | ७४.०३ |
| ६ | कर्णाली प्रदेश | ३३४५७९ | १६८८०२ | ५०.४५ |
| ७ | सुदुरपश्चिम प्रदेश | २५६८९५ | १७६१२० | ६८.५६ |
| | **जम्मा** | २३१९९२७ | १५६११४२ | ६७.२९ |

## ७. प्रदेश सरकारहरुको आ.व. २०७६/७७ को कुल बजेट तुलनामा खर्चको विवरण

रकम रू. लाखमा

| सि. नं | प्रदेशको नाम | कुल बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रदेश १ | ४८६५६६ | २९८३३२ | ६१.३१ |
| २ | प्रदेश २ | ३८७२५५ | १८०१७२ | ४६.५३ |
| ३ | बाग्मती प्रदेश | ५३७५९३ | २७९५०९ | ५१.९९ |
| ४ | गण्डकी प्रदेश | ३२१३४७ | २०४१३६ | ६३.५३ |
| ५ | लुम्बिनी प्रदेश | ३६४१६७ | २५४०७१ | ६९.७७ |
| ६ | कर्णाली प्रदेश | ४४०५०७ | १६८८०२ | ३८.३२ |
| ७ | सुदुरपश्चिम प्रदेश | ३२२०६९ | १७६१२० | ५४.६८ |
| | **जम्मा** | २८५९५०४ | १५६११४२ | ५४.५९ |

## ८. स्थानीय तहको बजेटको तुलनामा खर्च विवरण

रकम रू. लाखमा

| विवरण | बजेट | खर्च | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | |
| नेपाल सरकारवाट वित्तीय हस्तान्तरण रकम | २६२१२३९ | १३२३९१४ | ६७१२६६ | १३६ | १९९५३१६ | ७६.१२ |
| प्रदेश सरकारवाट वित्तीय हस्तान्तरण रकम | २७३९७० | २५९५९ | १४०८६९ | ५६ | १६६८८४ | ६०.९१ |
| आन्तरिक आय | १७८०४०१ | ५७७७५९ | ४५९४१९ | १२१७ | १०३८३९५ | ५८.३२ |
| जम्मा | ४६७५६१० | १९२७६३२ | १२७१५५४ | १४०९ | ३२००५९५ | ६८.४५ |

## आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन पेश

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०७६/७७ को आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा पेश गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा यस्तो प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिना भित्र अर्थमन्त्री समक्ष पेश गर्नुपर्ने कानुनी व्यवस्था अनुरूप मिति २०७७/०७/२७ गते महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनीले उक्त प्रतिवेदन माननीय अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल समक्ष पेश गर्नुभएको हो। अर्थमन्त्री समक्ष पेश भएको उक्त प्रतिवेदनमा आर्थिक वर्ष २०७६/७७ मा मात्रै कुल बेरुजु रु. ११ अर्ब ३९ करोड ९५ लाख रहेको उल्लेख छ । यो बेरुजु कुल बजेट निकासा खर्चको १.०४ प्रतिशत हो । जसअनुसार नियमित गर्नुपर्ने बेरुजु ७.६६ प्रतिशत, असुल गर्नुपर्ने २.५० प्रतिशत, म्याद नाघेको पेश्की १६.०८ प्रतिशत र म्याद ननाघेको पेश्की ७३.७६ प्रतिशत रहेको छ। आर्थिक वर्ष ०७५/७६ मा भन्दा आर्थिक वर्ष ७६/७७ मा म्याद ननाघेको पेश्की वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष ०७५/७६ मा म्याद ननाघेको पेश्की रु. ३० अर्ब ४१ करोड भएकोमा आर्थिक वर्ष ०७६/७७ मा उक्त रकम वृद्धि भएर ३२ अर्ब ४ करोड पुगेको छ । तहगत हिसाबमा हेर्दा स्थानीय तहको ३७.०६ प्रतिशत, प्रदेशको ०.०३८ प्रतिशत र अन्य बाँकी सङ्घ अन्तर्गतका निकायहरूको रहेको देखिन्छ। सङ्घ अन्तर्गत सबैभन्दा बढी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, अर्थ मन्त्रालय र सहरी विकास मन्त्रालयको सबैभन्दा बढी बेरुजु देखिन्छ। कानुनको पूर्ण पालना नहुनु, आन्तरिक नियन्त्रण प्रणाली लागु नगर्नु, तोकिएको सीमाभन्दा बढी रकमको सोझै खरिद गर्नु, करयोग्य आयमा पारिश्रमिक कर कट्टी नगर्ने जस्ता कारणहरू विगतकै झैँ दोहोरिरहेको प्रतिवेदनले उल्लेख गरेको छ ।


*कानूनको पूर्ण पालना नहुनु, आन्तरिक नियन्त्रण प्रणाली लागु नगर्नु, तोकिएको सिमाभन्दा बढी रकमको सोझै खरिद गर्नु, करयोग्य आयमा पारिश्रमिक कर कट्टि नगर्ने जस्ता कारणहरु विगतकै झै दोहोरिरहेको प्रतिवेदनले उल्लेख गरेको छ।*



*तस्बिर: माननीय अर्थमन्त्री समक्ष आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन पेश गर्दै महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनी। (२०७७/०७/२७)*

## एकीकृत वित्तीय प्रतिवेदन (Consolidated Financial Statement) प्रकाशन

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०७६/७७ को Consolidated Financial Statement (CFS) प्रकाशनमा ल्याएको छ। नेपाल सरकारको कुल बजेटको प्राप्तिको श्रोतहरुमा आन्तरिक श्रोतमात्र नभई वैदेशिक सहायता (अनुदान तथा ऋण) समेत रहेको र यस्तो श्रोतहरुबाट गरिने खर्चको सम्बन्धमा अन्तराष्ट्रिय दातृ निकायहरुको समेत चासो एवं सरोकार रहने हुँदा महालेखा नियन्त्रक कार्यालयले यस्तो वित्तीय प्रतिवेदन दातृ निकाय तथा समवद्ध अन्य सरोकारवालाहरुलाई सहज रुपमा बोध हुने गरी अग्रेजी भाषामा समेत प्रकाशन गर्दै आएको छ।




प्रकाशित उक्त प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७६/७७ को कुल खर्चमा वैदेशिक सहायताको हिस्सा १२.८० प्रतिशत रहेको छ । जसमा वैदेशिक अनुदान २.१२ प्रतिशत र वैदेशिक ऋणको अंश १०.६८ प्रतिशत हो । यो विवरणमा तीनै तहको सरकारको एकीकृत वित्तीय विवरणहरु समावेश गरिएका छन। नेपाल सरकारको आयव्यय, ऋण तथा लगानीको विगत पाँच वर्ष देखिको तथ्याङ्क समावेश गरी कुल ग्राहस्थ उत्पादनको आधारमा समेत तुलना गरिएको छ। प्रतिवेदन अनुसार, कुल ग्राहस्थ उत्पादनको आधारमा आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकारको कुल

राजस्व १८.७३ प्रतिशत, कुल खर्च २८.९७ प्रतिशत, कुल तिर्न बाँकी सार्वजनिक ऋण ३७.६९ प्रतिशत र सार्वजनिक संस्थानमा शेयर र ऋणको रुपमा सरकारको कुल लगानी १.६६ प्रतिशत रहेको छ । कुल ग्राहस्थ उत्पादनलाई आधार मानी विश्लेषण गर्दा विगत वर्षको तुलनामा कुल खर्च, कुल राजस्व र कुल लगानीको अंश घट्दो क्रममा रहेको छ भने कुल तिर्नुपर्ने ऋणको अंश भने बढ्दो क्रममा रहेको छ । खर्च र राजस्वमा गिरावट आउनुमा मुख्य कारण कोभिड-१९ महामारी रहेको छ ।

आर्थिक वर्ष २०७६/७७ मा कुल बजेटको २६.६२ प्रतिशत पुँजीगत खर्चमा बजेट विनियोजन भएकोमा बजेटको ४६.३४ प्रतिशत मात्र खर्च भएको देखिन्छ, जबकि चालु खर्चमा ६२.४४ प्रतिशत बजेट विनियोजन भएकोमा बजेटको ८१.९३ प्रतिशत खर्च भएको छ । यस आर्थिक वर्षमा कुल बजेटको ७१.१८ प्रतिशत मात्र खर्च भएको देखिन्छ । आर्थिक वर्ष २०७५/७६ को तुलनामा यस्तो खर्च १.७४ प्रतिशतले न्यून हो ।

कुल ग्राहस्थ उत्पादन (GDP) को तुलनामा खर्च विश्लेषण गर्दा अघिल्लो आर्थिक वर्षमा ३२.०५ प्रतिशत खर्च भएकोमा यो वर्ष २८.९७ प्रतिशत मात्र खर्च भएको देखिन्छ । यसरी न्यून खर्च हुनुमा कोभिड महामारीलाई यसको मुल कारण मानिएको छ । कोभिडले विशेषतः पुँजीगत खर्चमा समेत नराम्रो असर पुर्‍याएको देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा विनियोजित बजेटको ७६.९३ प्रतिशत पुँजीगत खर्च भएकोमा यो आर्थिक वर्ष ४६.३४ प्रतिशत मात्र पुँजीगत खर्च हुनुले सो कुराको पुष्टि गर्छ ।

आर्थिक वर्ष ०७६/७७ मा कुल लक्ष्य राखिएको राजस्वको तुलनामा ७५.६६ प्रतिशत मात्र राजस्व उठेको देखिन्छ । यो आर्थिक वर्ष २०७५/७६ को तुलनामा १.४ प्रतिशतले बढी हो । यसमा कर राजस्वको अंश ८६.९४ प्रतिशत र गैरकर राजस्वको अंश १३.०६ प्रतिशत रहेको छ । राजस्व तर्फ कर राजस्वको अंश घट्दै गएको र गैर कर राजस्वको अंश बढदै गएको देखिन्छ । यद्यपि लक्ष्य अनुसार राजस्व उठाउन नसक्नुमा कोभिड प्रमुख कारणको रुपमा रहेको मानिएको छ । श्रोतगत आधारमा हेर्दा ८७.२० प्रतिशत आन्तरिक श्रोत (आन्तरिक ऋण समेत) र १२.८० प्रतिशत बाह्य जसमा २.१२ प्रतिशत अनुदान र १०.६८ प्रतिशत ऋण रहेको देखिन्छ।

शोधभर्नाको आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०७५/७६ मा कुल शोधभर्ना लिनुपर्ने रकमको ६७.२८ प्रतिशत रकम शोधभर्ना प्राप्त भएको थियो भने आर्थिक वर्ष ०७६/७७ मा उक्त रकम बढेर ७८.२२ प्रतिशत पुगेको छ । यसरी सार्वजनिक खर्चमा अर्को समस्या समयामा नै शोधभर्ना हुन नसक्नुलाइ लिइएको पाईन्छ । कुल सार्वजनिक ऋणमा समेत बर्षेनी बढोत्तरी भएको पाइन्छ । आर्थिक वर्ष ०७६/७७ मा GDP को तुलनामा नेपालको कुल ऋण ३७.६९ प्रतिशत रहेको छ भने यस्तो रकम अघिल्लो आर्थिक वर्षमा ३०.२६ प्रतिशत थियो ।

## सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठी, २०७७ सम्पन्न

महालेखा नियन्त्रक कार्यालयले आफू अन्तर्गतका ७७ वटै जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखहरू, ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुखहरू, नेपाल सरकारका विभिन्न मन्त्रालय, संवैधानिक निकाय, विभिन्न सुरक्षा निकायका आर्थिक प्रशासन शाखा प्रमुखहरूको सहभागिता रहेको सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठी, २०७७ वि.सं. २०७७ चैत ११ र १२ गते भर्चुअल स्वरूपमा सञ्चालन गरी सफलतापूर्वक सम्पन्न गरेको छ ।

माननीय अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेलबाट समुद्घाटन गरिएको उक्त राष्ट्रिय गोष्ठीमा बोल्दै अर्थमन्त्रीले सार्वजनिक खर्च प्रणालीलाई वास्तविक र अनुमानयोग्य बनाउन तथा शून्य बेरुजु कायम गर्न सरोकारवाला सबैले योगदान गर्नुपर्ने बताउनु भएको थियो।

तीन दिनसम्म सञ्चालन भएको उक्त गोष्ठीमा सहमहालेखा नियन्त्रकहरूबाट तीन वटा विषयमा विषयगत प्रस्तुतीकरण गरी सहभागीहरूको तर्फबाट आवश्यक सुझाव तथा पृष्ठपोषण प्राप्त गरिएको थियो । तत् पश्चात् प्रदेश लेखा नियन्त्रक कार्यालय एवं कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको तर्फबाट समूहका संयोजकहरूले विद्यमान कानुनी व्यवस्थाहरूका साथै व्यवहारिक विषयहरू समेत समेटेर प्रस्तुतीकरण गर्नु भएको थियो ।

करिब २०० जनाको सहभागिता रहेको उक्त गोष्ठीमा भएको निरन्तर छलफल र अन्तरक्रियाबाट आगामी दिनमा सार्वजनिक वित्त व्यवस्थापनमा गर्नुपर्ने सुधारका कार्य सूची सहितको १३ बुँदे सामूहिक प्रतिबद्धता समेत व्यक्त भएको छ ।



*तस्बिरः सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठी, २०७७ को उदघाटन तथा सम्बोधन गर्नुहुँदै माननीय अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल (२०७७/१२/११)*

## प्रतिबद्धताहरु

१. सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषको लेखाङ्कन तथा प्रतिवेदन गर्न विद्युतीय प्रणालीको विकास गरी तीनै तहका सरकारको सञ्चित कोषहरूको अवस्था स्वचालित माध्यमबाट वास्तविक समयमा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

२. नेपाल सरकार र प्रदेश अन्तर्गत सार्वजनिक सेवा उपयोगिताका क्षेत्रबाहेकका सरकारी कारोबारमा लागू भइरहेको विद्युतीय भुक्तानी प्रणाली आगामी वर्ष सार्वजनिक सेवा उपयोगिताका क्षेत्रसहित स्थानीय तहमा समेत लागू गरी सरकारका तीन तहमा हुने सरकारी कारोबारहरूको भुक्तानी विद्युतीय भुक्तानी प्रणाली मार्फत हुने व्यवस्था गरिनेछ।

३. प्रदेश सरकार अन्तर्गतका निकायहरूले उठाउने राजस्व रकम केन्द्रीय राजस्व व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध गर्ने व्यवस्था मिलाइनेछ ।

४. सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा तीन तहका सरकार अन्तर्गत रहेका सार्वजनिक सम्पत्तिको विवरण अद्यावधिक गरी सार्वजनिक सम्पत्तिको एकीकृत प्रतिवेदन तयार गरिनेछ । सम्बन्धित मन्त्रालय/ केन्द्रीय निकायले आफ्नो र अन्तर्गत कार्यालयहरूको सम्पत्तिको अवस्था, प्रयोग र संरक्षण सम्बन्धमा अनुगमन समेत यसै प्रणालीबाट गर्न सक्ने व्यवस्था गरिनेछ ।

५. सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन विकास गरिएका विभिन्न प्रणालीहरूको सुरक्षा तथा गुणस्तरमा अभिवृद्धि गरी बिना अवरोध प्रभावकारी सञ्चालनका लागि एकीकृत प्राविधिक सहायता केन्द्रको संरचनात्मक व्यवस्था, प्राविधिक बन्दोबस्त र जनशक्तिको प्रबन्ध गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

६. सङ्घ र प्रदेश सरकारका मन्त्रालय तथा केन्द्रीय निकायहरूले तयार गर्नुपर्ने केन्द्रीय लेखा तयार गर्न विद्युतीय प्रणालीको विकास गरी मन्त्रालय तथा केन्द्रीय निकायहरूले प्रतिवेदन तयार गर्ने व्यवस्था गरिनेछ ।

७. आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आवश्यक निर्देशिका तयार गर्ने एवं आन्तरिक लेखापरीक्षणका लागि लेखा समूहभित्रबाट छुट्टै आन्तरिक लेखापरीक्षक जनशक्ति परिचालन गरी विशिष्टीकृत जनशक्तिबाट आन्तरिक लेखापरीक्षणलाई गुणस्तरीय बनाइनेछ ।

८. नेपाल सरकारका सबै मन्त्रालय र केन्द्रीय निकायले आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागु गर्नुपर्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को



*तस्बिर: सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठी समापन पश्चातको सामूहिक तस्बिर (२०७७/१२/१२)*

व्यवस्था बमोजिम महालेखा नियन्त्रक कार्यालयबाट आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा र कार्यविधि निर्धारण गरिएको आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन तयार गरिनेछ ।

९. सोझै भुक्तानी र शोधभर्ना प्राप्त गर्नुपर्ने रकमको यथार्थ विवरण पारदर्शी र विश्वसनीय हुने गरी अभिलेखाङ्कन तथा प्रणालीका माध्यमबाट प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाइनेछ ।

१०. महालेखा नियन्त्रक कार्यालय अन्तर्गतका कोष तथा लेखा नियन्त्रक कार्यालयहरू र अन्य निकायहरूबाट गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यकता र प्राथमिकताको आधारमा साधन र स्रोतको व्यवस्था गरी संस्थागत क्षमता अभिवृद्धिका साथै सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सरकारका विभिन्न तहका आर्थिक प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकास तालिमको पहिचान तथा उपयुक्त पाठ्यक्रम विकास गरी क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ । लेखा समूहमा कार्यरत जनशक्तिको क्षमता, दक्षता, मर्यादा र मनोबलका साथ उच्च आर्थिक अनुशासन कायम राखिनेछ ।

११. स्थानीय तहमा योजना तथा बजेट, लेखाङ्कन र प्रतिवेदनलाई एकीकृत गर्ने स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणालीमा राजस्व व्यवस्थापन, विद्युतीय भुक्तानी प्रणाली लगायतका थप व्यवस्था गरी प्रणालीको पूर्ण कार्यान्वयन गरिनेछ । प्रणालीको स्थायित्व र निरन्तरताका लागि प्रणाली सुधार/स्तरोन्नतिका काम गरिनेछ ।

१२. महालेखा नियन्त्रक कार्यालयबाट तयार गरिने विभिन्न वित्तीय प्रतिवेदनहरू विश्वसनीय र अन्तर्राष्ट्रिय मानदण्ड बमोजिम हुने गरी विकास गरिनेछ । नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदनलाई गुणस्तरीय र समयमा नै निर्माण गर्न विद्युतीय प्रतिवेदन प्रणालीको विकास गरी प्रतिवेदन गरिनेछ ।

१३. सार्वजनिक वित्त व्यवस्थापनमा जिम्मेवार लेखा समूहका कर्मचारीहरूको व्यक्तिगत विवरणलाई अभौतिकीकरण गरी अभिलेख व्यवस्थापन गरिनेछ ।




*तस्बिर: सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठीलाई सम्बोधन गर्नुपुर्व महालेखा नियन्त्रक मधुकुमार मरासिनी र साथमा सह- महालेखा नियन्त्रकहरु क्रमश: श्री बद्रीराज अर्याल, श्री ज्ञानेन्द्र पौडेल र श्री भगिरथ पाण्डे (२०७७/१२/११)*




*तस्बिर: सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठीलाई सम्बोधन गर्नुहुँदै सह- महालेखा नियन्त्रक श्री ज्ञानेन्द्र पौडेल (२०७७/१२/११)*

## सुधारिएको कर्मचारी सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा

महालेखा नियन्त्रक कार्यालयले माघको पहिलो साताबाट नयाँ सुधारिएको कर्मचारी व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याएको छ । वि.स. २०६८ सालबाट सञ्चालनमा ल्याइएको सूचना व्यवस्थापन प्रणालीमा विकसित नवीनतम प्रविधिको प्रयोग गरी यसलाई थप व्यवस्थित बनाइएको हो । यस प्रणालीमा कर्मचारीहरूको व्यक्तिगत फाइलमा रहेका महत्त्वपूर्ण कागजातहरू स्क्यानिङ गरी अपलोड गरिएको छ भने सरुवा प्रणालीलाई व्यवस्थित बनाउन आवश्यक सम्पूर्ण विवरणहरूका साथै सरुवा निवेदनलाई समेत सूचना प्रणालीमा नै आबद्ध गरिएको छ । यसबाट कर्मचारीहरूको सरुवा व्यवस्थित हुने, कार्यमा शीघ्रता ल्याउने, व्यवस्थापनलाई निर्णय लिनको लागि आवश्यक प्रतिवेदन सजिलै उपलब्ध हुने, कर्मचारीको व्यक्तिगत विवरण अनलाइन बाटै प्राप्त गर्न सकिने र कर्मचारी सरुवा विवरण स्वचालित रूपमा नै अद्यावधिक हुने भएकाले यसबाट विद्युतीय शासन व्यवस्थामा ईँटा थप्ने काम गरेको छ । यस प्रणालीको कार्यान्वयनबाट देहायको विषयमा सहजता भएको छ ।

### दरबन्दी अभिलेखन

हाल सञ्चालनमा ल्याइएको कर्मचारी सूचना व्यवस्थापन प्रणालीले स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी कार्यरत रहने, फाजिलमा रहेका कर्मचारीको विवरण नहुने तथा रिक्त कार्यालयको सूचना यथार्थ नहुने जस्ता समस्या हटाएको छ । पुरानो प्रणालीमा दरबन्दीको अभिलेखन गर्ने व्यवस्था भने थिएन ।

### कर्मचारीहरुको व्यक्तिगत फाइल तयार हुने

सुधारिएको नयाँ प्रणालीमा महालेखा नियन्त्रक कार्यालयमा रहेका लेखा समूहका कर्मचारीहरूको व्यक्तिगत फाइलमा रहेका महत्त्वपूर्ण कागजातहरू स्क्यानिङ गरी अपलोड गर्ने व्यवस्था गरिएको छ ।उक्त व्यवस्थाले कर्मचारीको व्यक्तिगत फाइल खोज्नु पर्ने झन्झटबाट मुक्त भएको छ ।

### पछिल्ला तीन कार्यालयका विवरण समावेश हुने

सरुवा प्रस्तावमा छलफल गरी स्वीकृत भए पश्चात् प्रणालीमा रहेको नमुना टिप्पणीलाई आवश्यकता अनुसार संशोधन गरी कार्यरत रहेको पछिल्ला तीन कार्यालयको विवरण समेत देखिने गरी टिप्पणी तयार गर्न सकिने व्यवस्था रहेको छ।

### स्वतः अद्यावधिक

सरुवा निर्णय भए पश्चात् कर्मचारीहरूको सरुवा अद्यावधिक गर्ने ट्यावमा क्लिक गरी स्वतः अद्यावधिक गर्न सकिनेछ । यसबाट कार्यालयको समय बचत हुनुको साथै तथ्याङ्कमा शुद्धता ल्याउन महत्त्वपूर्ण सहयोग मिल्ने छ ।

### प्रणालीबाटै पत्र तयार हुने

सरुवा तथा काज लगायतका निर्णय भएपश्चात् प्रणालीमा रहेको नमुना पत्रलाई संशोधन गरी सरुवा तथा काज निर्णय भएका कर्मचारीहरूको पत्र एकै पटकमा तयार गर्न सकिनेछ । यो व्यवस्था सँगै मेल मर्जर गराउनु पर्ने बाध्यताबाट छुटकारा मिलेको छ ।

### पर्याप्त प्रतिवेदन भएको

सुधारिएको प्रणालीमा जिल्लागत कर्मचारीको विवरण, पद अनुसारको विवरण, श्रेणी अनुसारको विवरण, दरबन्दी अनुसारको विवरण, ज्येष्ठता अनुसारको विवरण, कार्यालय अनुसारको विवरण, रिक्त दरबन्दी अनुसारको विवरण, समायोजनको विवरण लगायतका आधारमा प्रतिवेदन हेर्न र Excel मा Report export गर्न सकिने व्यवस्था गरिएको छ ।



*तस्बिर:कर्मचारी व्यवस्थापनको लागि विकास गरिएको प्रणालीको रुपरेखा*

## आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र बनाउन छुट्टै जनशक्ति व्यवस्थापनको कार्य प्रारम्भ

आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन महालेखा नियन्त्रक कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गरी आन्तरिक लेखापरीक्षण अधिकृत ६६ र आन्तरिक लेखापरीक्षण सहायक १६४ गरी कुल जम्मा २३० दरवन्दी स्वीकृत गराई उक्त पदमा जनशक्ति व्यवस्थापनको कार्य अगाडि बढाएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ को उपदफा (१०) मा महालेखा नियन्त्रक कार्यलयले आन्तरिक लेखापरीक्षण कार्यलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन लेखा समुहका कर्मचारीलाई न्यूनतम अवधि तोकि खटाउनु पर्ने र यसरी खटाउँदा एउटै कर्मचारीलाई लेखापालन गर्न र आन्तरिक लेखापरिक्षणको कार्यमा खटाउन नपाईने व्यवस्था गरेकोले सो व्यवस्थालाई कार्यान्वयनमा ल्याउन मिति २०७७/१२/२४ मा आन्तरिक लेखापरीक्षक खटाउने मापदण्ड, २०७७ स्वीकृत गरी जनशक्ति व्यवस्थापनको काम अगाडि बढाएको हो ।

पहिलो चरणमा मापदण्ड अनुसार तोकिएको योग्यता पुगेका कर्मचारीहरूबाट निवेदन माग गरी पेश हुन आएका निवेदनहरूको प्राथमिकीकरण सुची समेत प्रकाशित गरिसकिएको छ भने आवश्यक संख्यामा निबेदन पेश नभएको कारण इच्छुक कर्मचारीलाई निवेदन पेश गर्न पुनः सुचना प्रकाशन गरिएको छ । आगामी आर्थिक वर्षबाट आन्तरिक लेखापरीक्षण कार्यलाई पुर्णतः लेखापालन कार्यबाट स्वतन्त्र गराई लेखा समुह भित्रकै छुट्टै जनशक्तिबाट आन्तरिक लेखापरिक्षण गराउने गरी जनशक्ति व्यवस्थापनको कार्य प्रारम्भ गरिएको हो । यसरी आन्तरिक लेखापरीक्षण कार्यलाई स्वतन्त्र बनाउँदा लेखापरीक्षण कार्य प्रभावकारी हुन गई वित्तीय अनुशासन कायम हुन जाने अपेक्षा गरिएको छ ।

## NPSAS Based विद्युत्तीय प्रतिवेदन प्रणाली सञ्चालनमा

महालेखा नियन्त्रक कार्यालयले नेपालको वित्तीय प्रतिवेदन प्रणालीलाई यथार्थपरक र अन्तर्राष्ट्रिय स्तरको बनाउँदै Online प्रणालीमार्फत प्रतिवेदन प्राप्त गर्न NPSAS Based Online Portal तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६/५/३० को निर्णयले सार्वजनिक क्षेत्रका निकायहरूमा नेपाल लेखामान बोर्डद्वारा तयार गरिएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) लाई लागू गर्ने निर्णय गरेसँगै आर्थिक वर्ष २०६८/६९ मा दुई वटा मन्त्रालयमा Piloting Project को रूपमा लागु गरिएको थियो । यसरी आर्थिक वर्ष ०७३/७४ देखि सबै सङ्घीय निकायहरूमा लागु गरिएको यो प्रणालीमा Online Based Reporting गर्ने संयन्त्रको विकास भने भएको थिएन । आर्थिक वर्ष ०७५/७६ बाट सबै प्रदेश तथा ७५३ वटै स्थानीय तहको वित्तीय प्रतिवेदन NPSAS Based मा आधारित भई तर्जुमा गर्नुपर्ने व्यवस्था गरिएको हो । सो प्रयोजनलाई सहज बनाउनको लागि महालेखा नियन्त्रक कार्यालयले Online Portal तयार गरेको हो । उक्त लेखामान पोर्टल कार्यान्वयनमा आए पश्चात् नेपाल सरकारको वित्तीय प्रतिवेदन स्वचालित ढंगबाट प्राप्त हुनुको साथै अन्तर्राष्ट्रिय मानदण्ड अनुकुलको हुने विश्वास लिइएको छ ।




| | विवरण | टिप्पणी नं | चालु आ.ब. निकाय नियन्त्रित | चालु आ.ब. तेस्रो पक्ष | चालु आ.ब. जम्मा | गत आ.ब. निकाय नियन्त्रित | गत आ.ब. तेस्रो पक्ष | गत आ.ब. जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | प्राप्ति | | | | | | | |
| | सञ्चित कोषमा जम्मा हुने प्राप्ति | | | | | | | |
| ११००० | कर राजश्व प्राप्ति | १३ | ८९,८८३,२२५ | | ८९,८८३,२२५ | २,३१६,०६३ | | २,३१६,०६३ |
| १४००० | गैर कर राजश्व प्राप्ति | १४ | ११९,०७८,४७२ | | ११९,०७८,४७२ | ७०,२८९,२३७ | | ७०,२८९,२३७ |
| १५००० | बेरुजु तथा फिर्ता प्राप्ति | १५ | २,२५७,८३७ | | २,२५७,८३७ | १२०,१३७,१७८ | | १२०,१३७,१७८ |
| ३२००० | लगानी तथा वित्तीय प्राप्ति | १६ | | | | | | |

*तस्बिर: नेपाल सार्वजनिक क्षेत्र लेखा मानदण्ड (NEPSAS) को लागि विकास गरिएको प्रणालीको रुपरेखा*

## कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र निवृत्तिभरणको रकमलाई प्रणालीमा आवद्दता "Towards Digitizing Government Payments"

### कर्मचारी सञ्चय कोषको रकम प्रणाली मार्फत हुने

नेपाल सरकार तथा सातै प्रदेश सरकारका निकायहरूमा कार्यरत कर्मचारीहरूको कर्मचारी सञ्चयकोष बापतको रकम कारोबारको वास्तविक समय (Real Time) मा नै व्यक्तिगत खातामा लेखाङ्कन गर्ने प्रणालीको विकास गरी सञ्चालनमा ल्याइएको छ । महालेखा नियन्त्रक कार्यालय र कर्मचारी सञ्चयकोषको सहकार्यमा २०७७ फागुन १२ गते महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनी र राजस्व सचिव तथा सञ्चयकोषका अध्यक्ष श्री रामशरण पुडासैनीले संयुक्त रूपमा यस प्रणालीको समुद्घाटन गर्नुभएको हो।नेपाल सरकारको विद्युत्तीय सुशासन कार्यान्वयनमा ठुलो सहयोग पुर्‍याउने अपेक्षा सहित सञ्चालनमा ल्याइएको यस प्रणालीको विकास सँगै हाल सङ्घीय तथा प्रदेश सेवा अन्तर्गतका निजामती, प्रहरी र जङ्गी तर्फ करिब २ लाख ७५ हजार सञ्चयकर्ता यस प्रणालीबाट लाभान्वित हुने छन् ।




*तस्बिर: CGAS मार्फत EFT गरी सरकारी निकायका कर्मचारीहरुको संञ्चय कोष र निवृत्तभरण कोष रकम तत्काल व्यक्तिगत खातामा विद्युतीय माध्यमबाट लेखाङ्कन गर्ने प्रणालीको संयुक्त रुपमा समुद्घाटन गर्नुहुँदै महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनी, राजस्व सचिव तथा सञ्चय कोषका अध्यक्ष श्री रामशरण पुडासैनी र साथमा कर्मचारी सञ्चयकोषका प्रशासक श्री तुलसीप्रसाद गौतम (२०७७/११/१२)*

### नागरिक लगानी कोषमा जम्मा हुने रकम प्रणाली मार्फत हुने

नेपाल सरकार तथा सातै प्रदेश सरकारका निकायहरूमा कार्यरत कर्मचारीहरूको बचत वृद्धि अवकाश कोष (ना.ल. कोष) र राष्ट्रसेवक कर्मचारी सावधिक जीवन बिमा कोष कारोबारको कट्टी दाखिला भएको रकम सम्बन्धित व्यक्तिगत खातामा विद्युतीय माध्यमबाट वास्तविक समय (Real Time) मा भुक्तानी तथा लेखाङ्कन गर्ने प्रणाली

विकास गरी सञ्चालनमा ल्याइएको छ । महालेखा नियन्त्रक कार्यालय र नागरिक लगानी कोषको सहकार्यमा विकास गरिएको उक्त प्रणालीलाई मिति २०७८/०१/२७ गते महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनी र नागरिक लगानी कोषका कार्यकारी निर्देशक श्री रमण नेपालले संयुक्त रूपमा शुभारम्भ गर्नुभएको हो ।यस प्रणालीबाट हाल सङ्घीय तथा प्रदेश सेवा अन्तर्गतका निजामती, प्रहरी र जङ्गीतर्फ करिब २ लाख ४६ हजार राष्ट्रसेवक कर्मचारीहरू लाभान्वित हुने छन् ।

### विद्युत्तीय प्रणाली मार्फत निवृत्तिभरण रकम भुक्तानी हुने

सेवा निवृत्त राष्ट्र सेवक कर्मचारीको मासिक निवृत्तिभरण रकम विद्युतीय प्रणाली मार्फत सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली सञ्चालनमा आएको छ । यसबाट निजामती, प्रहरी, जङ्गी र शिक्षकतर्फ करिब २ लाख ७६ हजार सेवा निवृत्त राष्ट्र सेवक कर्मचारीहरू प्रत्यक्ष लाभान्वित हुनेछन् । यो सँगै निवृत्तिभरण बापतको रकम भुक्तानी गर्ने प्रयोजनका लागि सरकारले बैङ्कहरूलाई उपलब्ध गराउँदै आएको एक प्रतिशत सेवा शुल्क दिने व्यवस्था नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०७/२४ को निर्णयअनुसार खारेज भएको छ । यसबाट नेपाल सरकारलाई करिब रु. ५५ करोड बराबरको रकम बचत हुने अपेक्षा राखिएको छ ।

कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष तथा निवृत्तिभरणको रकमलाई प्रणालीसँग अन्तरआवद्धता गराएसँगै व्यक्तिगत खातामा रकम जम्मा नहुने र हराउने, दोहोरो प्रविष्टि हुने, घटी बढी दाखिला हुने तथा एकै व्यक्तिका धेरै वटा खाता रहने लगायतका समस्याहरू समाधान भई सो रकम फिर्ता वा अन्य किसिमका कारोबारलाई प्रभावकारी र पारदर्शी बनाई विद्युतीय भुक्तानीमा समेत सहजता आउने छ । यस प्रकारका प्रणालीहरूको आबद्धताले कार्य प्रक्रियामा सरलीकरण र सहजीकरण भई सम्बन्धित सेवाग्राहीले छिटो, छरितो र प्रभावकारी सेवा प्राप्त गर्न सक्नेछन् । यसले सरकारको विद्युतीय सुशासन कार्यान्वयनमा समेत ठुलो सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

## "Towards Digitizing Government Receipts"

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक वित्त प्राप्तिलाई समेत प्रणालीमा आबद्ध गरेको छ । सरकारको खर्चमा जस्तै सरकारको प्राप्तिमा पनि विभिन्न विद्युतीय साधनहरूको प्रयोग गर्दै विभिन्न सरकारी निकायहरूले सञ्चालनमा ल्याएका प्रणालीहरू तथा भुक्तानी सेवा प्रदायकहरूलाई राजस्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System -RMIS) मा आबद्धता गरिएको हो ।

**हालसम्म RMIS प्रणालीमा आबद्ध भएका सरकारी निकायहरु**

१. आन्तरिक राजस्व विभाग
२. लोक सेवा आयोग
३. नापी विभाग
४. भन्सार विभाग
५. राहदानी विभाग
६. कम्पनि रजिष्टारको कार्यालय
७. ट्राफिक प्रहरी
८. अध्यागमन विभाग

**राजस्व प्राप्तिका लागि आवद्ध गरिएका विद्युत्तीय माध्यमहरु**

१. Khalti
२. E-Sewa
३. Connect IPS
४. IME Pay

## सार्वजनिक वित्तीय प्रणालीहरुको आवद्धता

महालेखा नियन्त्रक कार्यालयले अर्थ मन्त्रालयसँगको समन्वयमा छुट्टाछुट्टै सञ्चालनमा रहेको मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System -LMBIS), कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (Computerized Government Accounting System -CGAS) र एकल खाता कोष (Treasury Single Account -TSA) को नयाँ भर्सनलाई प्रणालीगत अन्तर आबद्ध गरी एकीकृत प्रणाली सञ्चालनमा ल्याएको छ । अर्थ मन्त्रालयमा रहेको LMBIS, कारोबार गर्ने सबै सार्वजनिक निकायहरुमा रहेको CGAS र महालेखा नियन्त्रक कार्यालय अन्तर्गतका कोष तथा लेखा नियन्त्रक कार्यालयले सञ्चालन गर्ने TSA लाई मिति २०७८/०२/३० गते एकीकरण गरिएको हो । यसबाट अब अर्थ मन्त्रालयले सञ्चालन गरिरहेको LMBIS र खर्च गर्ने निकायले चलाउने CGAS बिच सीधै अन्तर्क्रिया हुन्छ । खर्च गर्ने निकायले नै LMBIS को बजेट डाटा CGAS मा पहुँच पाएपछि उसले आफ्नो स्वीकृत बजेट कति छ, त्यसमा स्रोतान्तर बजेट थपघट भए या नभएको समेत हेरेर मात्र काम अघि बढाउन सक्छ । एकीकृत प्रणालीको विकास पछि अर्थ मन्त्रालयले सिधै खर्च गर्ने निकायले कति रकम खर्च गरेको छ भन्ने वास्तविक समय (Real Time) मा हेर्न मिल्छ । कुनै पनि खर्च गर्ने निकायको स्वीकृत बजेट कति छ, कति खर्च गरेको छ भन्ने सिधै अर्थ मन्त्रालयले हेर्न सक्ने व्यवस्थाले बजेट अनुसार मात्र खर्च हुने, बजेट कार्यान्वयनलाई गति दिन, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रक्रिया केन्द्रित कामहरू न्यूनीकरण गर्न साथै कागजी काम (Paper Work) घटाउन यो प्रणाली महत्त्वपुर्ण रहेको छ । साथै, यो प्रणालीको आवद्धताले सार्वजनिक खर्च व्यवस्थापनलाई लागतप्रभावी, नतिजामुखी, पारदर्शी र जबाफदेही बनाउनुको साथै वित्तीय प्रतिवेदन प्रणालीमा सहजता आई वित्तीय अनुशासन कायम गर्न सकिन्छ ।

## सार्वजनिक सम्पत्तिको लेखाङ्कन गर्ने प्रणाली (PAMS) सञ्चालनमा

महालेखा नियन्त्रक कार्यालयले तीनै तहका सरकारी निकायहरूको सार्वजनिक सम्पत्तिको अभिलेखाङ्कन गर्ने प्रयोजनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System- PAMS) तयार गरी सञ्चालनमा ल्याएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानुन तथा नियमावलीमा प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तिको लेखाङ्कन, संरक्षण, प्रतिवेदन तथा उपयोग गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायलाई प्रदान गरेको छ । साथै, उक्त ऐनले मन्त्रालय वा निकाय अन्तर्गतको सबै प्रकारको चल अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण महालेखा नियन्त्रक कार्यालय समक्ष पेश गर्नुपर्ने र महालेखा नियन्त्रक कार्यालयले नेपाल सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त कार्यलाई सरल र सहज बनाइ सम्पत्तिको अभिलेखाङ्कन गर्न यो प्रणाली तयार गरिएको हो । यो प्रणाली तीनै तहका सरकारी कार्यालयहरूले प्रयोग गर्न सक्छन् । यस प्रणालीमा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा नै सम्पत्तिको अभिलेखाङ्कन गरिन्छ । यस प्रणालीको कार्यान्वयनबाट तीनै तहको सार्वजनिक सम्पत्तिको प्रणालीगत अभिलेखाङ्कन भई कुल सार्वजनिक सम्पत्तिको यथार्थता पहिचान गर्न, यस्तो सम्पत्तिको संरक्षण गर्न सहज हुनुका साथै यस्तो सम्पत्तिको हिनामिना हुनबाट रोकी सार्वजनिक वित्तीय अनुशासन कायम गर्न समेत टेवा पुग्ने देखिन्छ । आर्थिक वर्ष ०७६/७७ बाट कार्यान्वयनमा ल्याइएको यो प्रणालीले सङ्घ, प्रदेश र स्थानीय तीनै तहको सार्वजनिक सम्पत्तिको विद्युतीय प्रणाली मार्फत अभिलेख राख्दै मुलुकभरिको एकीकृत सार्वजनिक सम्पत्तिको यथार्थ स्थिति पहिचान गर्न सहज हुन्छ । हालसम्म उक्त प्रणालीमा करिब ४ हजार कार्यालय समावेश भएको तथा ९० अर्ब भन्दा बढी सम्पत्तिको लागत प्रविष्टी भएको छ । यो प्रणाली लागु भएपछि खर्च र राजस्वको जसरी सरकारको भौतिक आम्दानीको श्रोत खुल्न जाने हुँदा वित्तीय अनुशासन कायम गर्न सघाउ पुग्दछ । सार्वजनिक वित्त व्यवस्थापन सुधारको महत्त्वपूर्ण कडीको रूपमा यसलाई लिइएको छ ।

## हेटौडामा डाटा रिकभरी सेन्टर स्थापना

कार्यालयले प्रदान गर्ने विद्युतीय सेवाहरूको Business Continuity Plan अन्तर्गत Fault tolerance, High availability, Remote replication र Disaster recovery प्रयोजनका लागि हेटौँडामा अर्को डाटा सेन्टर सञ्चालनमा




*तस्बिर: हेटौँडा स्थित डाटा रिकभरी सेन्टरमा FCGO Data Center Relocation गरिएको*

ल्याइएको छ । सूचना प्रविधिमा आधारित सेवा प्रदान गर्नको लागि आवश्यक पर्ने तीनै तहका सरकारी वित्तीय तथ्याङ्कहरु तथा प्रणालीहरूको सङ्ग्रह र सुरक्षाको वैकल्पिक व्यवस्था गर्न यो डाटा सेन्टर सञ्चालनमा ल्याइएको हो । यो मुख्य डाटा सेन्टर नभई वैकल्पिक डाटा सेन्टर हो । यद्यपि मुख्य डाटा सेन्टर सँग load sharing गरी स्रोतहरूको optimum प्रयोग गरिएको छ । प्राकृतिक विपत्ति वा मानव सिर्जित प्रकोपका कारण सिंहदरबारमा रहेको डाटा सेन्टरमा कुनै समस्या आइपरेमा यस डाटा सेन्टरले विकल्पको रुपमा काम गर्नेछ ।

## सातै प्रदेशमा IT Support Center को व्यवस्था

महालेखा नियन्त्रक कार्यालयले सात वटै प्रदेशमा IT Support Center सञ्चालनमा ल्याएको छ । सार्वजनिक वित्त व्यवस्थापन क्षेत्रमा विभिन्न प्रणालीहरूको विकास भएको र त्यस्ता प्रणालीहरूको सम्बन्धमा प्रदेश स्तरमै प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई आवश्यक प्राविधिक support प्रदान गर्न सात वटै प्रदेशमा यी केन्द्रहरू सञ्चालनमा ल्याइएको हो । हरेक प्रदेशको प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहने गरी सञ्चालनमा ल्याइएको यी केन्द्रहरूमा प्रदेश स्तरको तालिम गोष्ठीहरू सञ्चालन गर्न सुविधा सहितको भौतिक संरचना स्थापना गरिएको छ । यसले महालेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय बिच प्राविधिक सम्पर्क सूत्रको रूपमा काम गर्नेछ।



*तस्बिर: IT Support Centre, बाँकेको शुभारम्भ गर्नुहुँदै महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनी*

## पेफा मार्फत नेपाल सरकारको सार्वजनिक वित्त व्यवस्थापन सुधार गरिने

नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार सम्बन्धी कार्य एकीकृत र समन्वयात्मक रूपमा सञ्चालन गर्नको लागि एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना २०७५/७६-२०७७/७८ तर्जुमा भई विश्व बैङ्कद्वारा व्यवस्थित दाताको बहुपक्षीय कोष (MDTF) को अनुदान सहायता र नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालन गर्न २०७५ भाद्र ८ मा सहायता सम्झौता सम्पन्न भएको छ । उक्त आयोजना अर्थ सचिवको अध्यक्षतामा गठित सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशक समितिको मार्ग निर्देशन अनुरूप सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालयको समन्वय तथा सहजीकरणमा सञ्चालन हुने व्यवस्था रहेको छ ।यस आयोजनाको प्रमुख उद्देश्य सङ्घीय, प्रदेश र स्थानीय तहहरूमा सार्वजनिक वित्तीय व्यवस्थापनका प्रमुख संस्थाहरू, खरिद निकायहरू, प्रणालीहरू र प्रक्रियाहरूको प्रभावकारिताका लागि सुदृढीकरण गर्नु रहेको छ ।

# प्रदेश स्तरीय आन्तरिक लेखापरीक्षण तथा सार्वजनिक सम्पत्ति व्यवस्थापन सम्बन्धी तालिम

महालेखा नियन्त्रक कार्यालयको आयोजनामा प्रदेश १, प्रदेश २, गण्डकी प्रदेश, बाग्मती प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, गरी ६ वटा प्रदेशहरूको ४ वटा प्रदेश केन्द्रमा प्रदेश स्तरीय आन्तरिक लेखापरीक्षण तथा सार्वजनिक सम्पत्ति व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम सम्पन्न भएको छ । यस कार्यक्रममा कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक, प्रदेश लेखा नियन्त्रक, कोष नियन्त्रक, लेखा अधिकृत तथा लेखापालहरूको सहभागिता थियो। सुदूरपश्चिम प्रदेशमा यस्तो तालिम सञ्चालन गर्ने समय तालिका समेत रहेकोमा कोभिड-१९ का कारण यो वर्ष उक्त प्रदेशमा तालिम सञ्चालन गर्न सकिएन । यसै कार्यक्रमकाबिच लुम्बिनी प्रदेशको नेपालगन्ज र प्रदेश नं. १ को विराटनगरमा स्थापना भएका प्राविधिक सहायता केन्द्रको महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनीले उद्घाटन गर्नुभएको थियो ।




*तस्बिर: आन्तरिक लेखापरीक्षण तथा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली सम्बन्धी क्षमता विकास तालिमको क्रममा आफ्नो भनाई राख्नुहुँदै महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनी (२०७७/११/२८)*

## तालिम विवरण

| क्र.सं. | तालिम सञ्चालन मिति | तालिम सञ्चालन भएको स्थान | तालिममा सहभागी जिल्ला | सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०७७/१०/२७-२९ | धुलिखेल, काभ्रे | १३ | ४६ | बाग्मती प्रदेश |
| २. | २०७७/११/१३-१५ | नेपालगञ्ज, बाँके | २२ | ४८ | लुम्बिनी र कर्णाली प्रदेश |
| ३. | २०७७/११/२६-२८ | बिराटनगर, मोरङ | २२ | ५४ | प्रदेश नं. १ र २ |
| ४. | २०७७/१२/२५-२७ | पोखरा, कास्की | ११ | ३४ | गण्डकी प्रदेश |
| | **जम्मा** | | **६८** | **१८२** | |

# स्थानीय तहमा कार्यरत आन्तरिक लेखापरीक्षण अधिकारीहरुको क्षमता बिकास तालिम

महालेखा नियन्त्रक कार्यालयले बिभिन्न ४५ जिल्लाका स्थानीय तहमा कार्यरत २८३ जना आन्तरिक लेखापरीक्षण अधिकारीहरुको क्षमता बिकास सम्बन्धी तालिम कार्यक्रम सम्पन्न गरेको छ । सबै स्थानीय तहका आन्तरिक लेखापरीक्षण अधिकारीहरुलाई तालिम दिने लक्ष्यका अनुसार सञ्चालन गरिएको उक्त कार्यक्रम यो वर्ष ४५ जिल्लामा सञ्चालन गरिएको हो । बाँकी स्थानीय तहहरुमा आगामी वर्ष तालिम प्रदान गर्ने महालेखा नियन्त्रक कार्यालयको लक्ष्य रहेको छ ।



*तस्बिर: महालेखा नियन्त्रक कार्यालयको आयोजनामा स्थानिय तहमा कार्यरत आन्तरिक लेखापरीक्षण अधिकारीको क्षमता विकास तालिमको क्रममा तालिम दिनुहुँदै उप- महालेखा नियन्त्रक श्री रविन कोइराला (२०७७/१०/१५)*

| क्र.सं. | तालिम सञ्चालन मिति | तालिम सञ्चालन भएको स्थान | तालिममा सहभागी जिल्ला | सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०७७।१०।२७ देखि ३० गते सम्म | सुनसरी | ३ | २१ | |
| २. | २०७७।११।१० देखि ११ गते सम्म | दोलखा | ३ | २४ | |
| ३. | २०७७।११।०६ देखि ०७ गते सम्म | त्रिपुरेश्वर, काठमान्डौ | ३ | २१ | |
| ४. | २०७७।११।१० देखि ११ गते सम्म | स्याङ्जा | ३ | २२ | |
| ५. | २०७७।११।१५ देखि १६ गते सम्म | बाग्लुङ | ३ | १५ | |
| ६. | २०७७।१०।०७ देखि ०८ गते सम्म | गुल्मी | ३ | २७ | |
| ७. | २०७७।१०।२३ देखि २४ गते सम्म | कैलाली | ५ | २५ | |
| ८. | २०७७।११।२१ देखि २२ गते सम्म | पर्सा | ३ | १६ | |
| ९. | २०७७।११।०४ देखि ०५ गते सम्म | तनहुँ | २ | २० | |
| १०. | २०७७।१०।१५ देखि १६ गते सम्म | जुम्ला | ५ | २३ | |
| ११. | २०७७।१०।२० देखि २१ गते सम्म | सिराहा | ३ | २३ | |
| १२. | २०७७।१०।२८ देखि २९ गते सम्म | मकवानपुर | ४ | १९ | |
| १३. | २०७७।११।०६ देखि ०७ गते सम्म | दाङ | ५ | २७ | |
| | **जम्मा** | | **४५** | **२८३** | |

## CGAS, SuTRA तथा TSA सम्बन्धी तालिम

महालेखा नियन्त्रक कार्यालयले TSA, CGAS र SuTRA प्रणालीलाई नयाँ भर्सनमा परिमार्जन गरी कार्यान्वयनमा ल्याएसँगै उक्त प्रणालीलाई सहज र सरल रूपमा सञ्चालन गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय, केन्द्रीय तथा जिल्ला स्तरको कार्यालय तथा प्रादेशिक र स्थानीय निकायको आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरूलाई तालिम प्रदान गरेको छ । Online Platform (Zoom) मार्फत सञ्चालन गरिएको उक्त तालिम कार्यक्रम मार्फत आर्थिक वर्ष ०७७/७८ को वैशाख मसान्त सम्म CGAS र TSA तर्फ १९ हजार ५ सय ५१ जना तथा SuTRA तर्फ ८३१ जना लाभन्वित भएका छन ।

## ACCA अध्ययनका लागि मनोनयन

लेखा समूहका कर्मचारीहरूलाई लेखा सम्बन्धी विशिष्ट ज्ञान दिलाउने उद्देश्यले राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव (लेखा) २ जना, राजपत्राङ्कित तृतीय श्रेणीका लेखा अधिकृत ४ जना, राजपत्र अनङ्कित प्रथम श्रेणीका लेखापाल ३ जना र राजपत्र अनङ्कित द्वितीय श्रेणीका सह-लेखापाल -१ जना गरी जम्मा १० जना कर्मचारीहरूलाई सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयको आर्थिक सहयोगमा २ वर्षे Association of Chartered Certified Accountants (ACCA) अध्ययनका लागि मनोनयन गरिएको छ ।

## सेवाकालिन तालिममा मनोनयन

आर्थिक प्रशासन शाखामा कार्यरत लेखा समूहका कर्मचारीहरूको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व मानदण्ड, खरिद व्यवस्थापन र सार्वजनिक व्यवस्थापनको विषयमा क्षमता विकासका गर्नका लागि उप-सचिव-१४, लेखा अधिकृत-६८ लेखापाल-८३ र सह लेखापाल १२२ गरी जम्मा २८७ जना कर्मचारीहरूलाई सेवाकालीन तालिमका लागि मनोनयन गरी सम्बन्धित तालिम केन्द्रहरूमा पठाइएको छ ।

## आयोजना लेखा तालिम

World Bank र Asian Development Bank को सहायतामा सञ्चालित आयोजनाहरूमा कार्यरत लेखा समूहका कर्मचारीहरूको आयोजना लेखा सम्बन्धी क्षमता विकास गर्ने उद्देश्यले मिति २०७७/१०/१९ देखि २०७७/१०/२१ सम्म ३ दिनको तालिम सञ्चालन गरिएको हो । उक्त तालिममा विभिन्न आयोजनामा कार्यरत जम्मा ३३ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।



*तस्बिर: आयोजना लेखा तालिम लिदै गरेको*

## स्थानीय तहमा वित्तीय व्यवस्थापन तालिम

महालेखा नियन्त्रक कार्यालयले ७५३ स्थानीय तहका आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरूलाई SuTRA तथा NPSAS सम्बन्धी तालिम प्रदान गरेको छ । यस कार्यालयको संयोजन, ADB र Norwegian Embassy को आर्थिक सहयोग तथा N.Bhattarai & Co. Chartered Accountant को प्राविधिक सहयोगमा सञ्चालित उक्त तालिम मिति २०७७ कार्तिक २४ देखि Virtual रूपमा सम्पन्न भएको थियो । यस तालिमबाट स्थानीय तहको बजेट तथा खर्च लेखाङ्कन र NPSAS सहितको वित्तीय विवरण तयार गर्न दक्ष जनशक्ति हासिल हुने अपेक्षा गरिएको छ ।

### तालिम विवरण

| प्रदेश | स्थानीय तह सङ्ख्या | तालिम प्राप्त जनशक्ति |
|---|---|---|
| प्रदेश १ | १३७ | २७५ |
| प्रदेश २ | १३६ | २६० |
| बाग्मती प्रदेश | ११९ | २४५ |
| गण्डकी प्रदेश | ८५ | १७४ |
| लुम्बिनी प्रदेश | १०९ | २२२ |
| कर्णाली प्रदेश | ७९ | १५० |
| सुदूरपश्चिम प्रदेश | ८८ | १७० |
| **जम्मा** | **७५३** | **१४९६** |

## सार्वजनिक वित्त व्यवस्थापन (PFM) मा दातृ निकायहरुको सहयोग

महालेखा नियन्त्रक कार्यालय (म.ले.नि.का.) ले विकास साझेदार सँगको सहकार्यमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आर्थिक वर्ष २०७७/७८ मा मलेनिका र पेफाको सहकार्यमा विश्व बैङ्क (Multi Donor Trust Fund) बाट खर्च हुने गरी CGAS, TSA र IFMIS (Integrated Financial Management Information System) सञ्चालनका लागि Application बनाउने कार्य भइरहेको छ । त्यस्तै PLGSP (Provincial and Local Governance Support Program) को Joint Financing Agreement अन्तर्गत SuTRA Application कार्यान्वयन तथा म. ले.नि.का. को IT Equipment सुदृढीकरण कार्य भइरहेको छ । दातृ निकाय USAID को सहयोगमा SUTRA सञ्चालन सम्बन्धी क्षमता विकास र विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको सोलर व्याकपको कार्यक्रम सम्पन्न भएको छ । साथै ADB (Asian Development Bank) को सहकार्यमा मलेनिकाले NEPSAS (Nepal Public Sector Accounting Standards) तथा स्थानीय तहका कर्मचारीहरूको क्षमता विकास सम्बन्धी तालिम सम्पन्न भएको छ । यसबाट सार्वजनिक वित्तीय व्यवस्थापनको लागि सूचना प्रविधि पूर्वाधार र कर्मचारीको क्षमता विकासमा उल्लेख्य योगदान पुगेको छ ।

## आर्थिक वर्ष ०७६/७७ मा तर्जुमा भएका कानूनहरु

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको सञ्चित कोष व्यवस्थापन प्रतिवेदन प्रणाली, कार्यसम्पादन करार, सम्पत्ति र दायित्वको व्यवस्थापन, सरकारी सम्पत्तिको लिलाम, मिनाहा, नेपाल सरकारको आम्दानी व्यवस्थापन जस्ता विषयलाई व्यवस्थित गर्न नेपाल सरकारले २०७७ माघ १९ गते आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ जारी गरेको छ । नियमावलीको कार्यान्वयन सँगै वित्तीय संघीयता कार्यान्वयनमा सहजता हुने, वित्तीय अनुशासनमा सुधार आई नेपाल सरकारको वित्त प्रशासन अन्तर्राष्ट्रिय स्तरको हुने अपेक्षा गरिएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ का मुलभुत विशेषता देहाय बमोजिम रहेका छन ।

- सार्वजनिक वित्तीय व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गरी विद्युतीय कारोबारको लागि कानुनी आधार तयार गरेको,
- तीन तहको सरकार बिच वित्तीय अन्तरसम्बन्धको ढाँचा तयार गरेको तथा अन्तर सरकार वित्तीय हस्तान्तरण र प्रतिवेदन प्रणालीको Modality लागि आधार तयार गरेको,
- आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन लेखा समूह भित्र छुट्टै जनशक्तिको व्यवस्था गरी विशिष्टीकृत गरिएको,
- मन्त्री, सचिव, विभागीय प्रमुख र जिम्मेवार व्यक्तिको वित्तीय जिम्मेवारी, जबाफदेहिता र उत्तरदायित्व निर्दिष्ट गरेको,
- जिम्मेवार पदाधिकारी र कर्मचारीको लागि कार्यसम्पादन करारको व्यवस्था गरेको,
- मध्यकालीन खर्च संरचनालाई अनिवार्य गरेको, नगद योजनाको व्यवस्था गरेको,
- बजेट रोक्का, नियन्त्रण र समर्पण गराउने व्यवस्था गरेको,
- सम्भावित दायित्व तथा प्रतिबद्धता व्यवस्थापन गर्ने जिम्मेवारी तोकिएको,
- आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनको लागि मन्त्रालय/निकायमा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको व्यवस्था गरेको,
- जिन्सी सामानको लिलामी गर्ने प्रयोजनको लागि मूल्याङ्कनमा ह्रास कट्टी सम्बन्धी व्यवस्था प्रयोगमा आएको,

## राजस्व व्यवस्थापन सूचना प्रणालीमा विद्युत्तीय भुक्तानी सम्बन्धमा सेवा प्रदायक संस्थालाई आवद्ध गर्ने निर्देशिका, २०७७

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई महालेखा नियन्त्रक कार्यालयले राजस्व व्यवस्थापन सूचना प्रणालीमा विद्युतीय भुक्तानी सम्बन्धमा सेवा प्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७ बनाएको हो । महालेखा नियन्त्रक कार्यालयले नेपाल सरकार तथा प्रदेश सरकारको राजस्व सङ्कलन, लेखाङ्कन तथा प्रतिवेदनलाई व्यवस्थित गर्न, सरकारी नगद प्रवाहलाई सरल, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई वित्तीय जोखिम न्यूनीकरण गर्न विद्युतीय भुक्तानी सम्बन्धी सेवा प्रदायक संस्थालाई राजस्व व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गरी सञ्चालनमा ल्याउन यो निर्देशिका तयार पारेको हो ।

## जेठ मसान्त सम्मको खर्च प्रगति

चालु आर्थिक वर्षको जेठ महिना सम्ममा नेपाल सरकारको कुल खर्च रु. ९ खर्ब १६ अर्ब ८६ करोड भएको छ। यो रकम प्रक्षेपित लक्ष्यको ६२ प्रतिशत हो । चालु आर्थिक वर्षको जेठ महिना सम्ममा चालु खर्च रु. ७ खर्ब ६२ करोड खर्च भएको छ। यो कुल विनियोजित बजेटको ७३.८७ प्रतिशत हो। त्यस्तै पुँजीगत खर्च रु. १ खर्ब ४३ अर्ब ०८ करोड भएको छ ।

**आर्थिक वर्ष २०७७/७८ जेठ मसान्त सम्मको खर्च**

**रु. लाखमा**

| बजेटको प्रकार | वार्षिक बजेट | वार्षिक खर्च | बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | ९४८४५९३.५७ | ७००६२०४.०१ | ७३.८७ |
| पुँजीगत खर्च | ३५७३५२१.३ | १४३०८९३.७५ | ४०.०४ |
| वित्तीय व्यवस्था | १६९२५१४ | ७३१५०४.६७ | ४३.२२ |
| **जम्मा** | १४७५०६२८.८८ | ९१६८६०२.४३ | ६२.१६ |

## अन्तर सरकारी वित्त हस्तान्तरण बापतको राजस्व रकम बाँडफाँट

नेपाल सरकार, प्रदेश र स्थानीय तहबिच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तशुल्क रकम बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्ने व्यवस्था बमोजिम आर्थिक वर्ष ०७७/७८ को जेठ महिना सम्ममा कुल रकम रु. ३ खर्ब २६ अर्ब १४ करोड ३५ लाख जम्मा भएकोमा सङ्घलाई रु. २ खर्ब २८ अर्ब ३० करोड ४ लाख र प्रदेश र स्थानीय तहहरूलाई रु. ४८ अर्ब ९२ करोड १५ लाख बाँडफाँट भएको छ ।

| मु.अ. कर | अन्त शुल्क | कुल रकम | संघ | | | प्रदेश | | | स्थानीय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मु.अ. कर | अन्त शुल्क | जम्मा रकम | मु.अ. कर | अन्त शुल्क | जम्मा रकम | मु.अ. कर | अन्त शुल्क | जम्मा रकम |
| २५१३९३५.४४ | ७४७५०० | ३२६१४३५.४८ | १७५९७५४.८ | ५२३२५० | २२८३००४.८३ | ३७७०९०.३१ | ११२१२५ | ४८९२१५.३२ | ३७७०९०.३१ | ११२१२५ | ४८९२१५.३२ |

## आर्थिक वर्ष २०७७/७८ को जेठ मसान्त सम्मको संघीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई हस्तान्तरण गरिएको रकम

नेपालको संविधान, अन्तर सरकारी वित्त हस्तान्तरण ऐन अनुसार नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको राजस्व क्षमता र खर्चको आवश्यकता अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा विनियोजन ऐन, २०७७ मा समावेश भएको समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान समेत कुल रु. ३ खर्ब ९८ अर्ब ४५ करोड हस्तान्तरण गर्नुपर्नेमा ज्येष्ठ मसान्तसम्म ३ खर्ब ३५ अर्ब ६१ करोड अर्थात् ८४.२३ प्रतिशत हस्तान्तरण भएको छ ।यसले प्रदेश र स्थानीय तहको वित्तीय आवश्यकता पूरा गर्नुको साथै Fiscal Space समेत बढाउने अपेक्षा गरिएको छ ।

| सि.नं. | संघीय इकाई | अनुदान शीर्षक | कुल बजेट | कुल खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रदेश | समानीकरण अनुदान | ५५,१९५,०००,००० | ५१,५३०,७००,००० | ९३.३६ |
| २ | प्रदेश | सशर्त अनुदान | ४६,११०,७९१,२०४ | ३४,४२६,९३९,४७४ | ७४.६६ |
| ३ | प्रदेश | विशेष अनुदान | ३,१३५,०००,००० | २,५२५,७३३,३३३ | ८०.५७ |
| ४ | प्रदेश | समपूरक अनुदान | ५,१८६,२००,००० | ४,३७२,४१४,३३३ | ८४.३१ |
| ५ | स्थानीय तह | समानीकरण अनुदान | ९०,०५५,०००,००० | ८४,४०३,३४३,३५९ | ९३.७२ |
| ६ | स्थानीय तह | सशर्त अनुदान | १८७,१५५,६१९,१८२ | १५०,५८९,३६७,९३२ | ८०.४६ |
| ७ | स्थानीय तह | विशेष अनुदान | ६,८३२,२००,००० | ४,४७१,१६६,९४४ | ६५.४४ |
| ८ | स्थानीय तह | समपूरक अनुदान | ४,७८०,५००,००० | ३,२९८,३२३,५६९ | ६९.०० |
| | | **जम्मा** | ३९८,४५०,३१०,३८६ | ३३५,६१७,९८८,९४४ | ८४.२३ |

# राष्ट्रिय गौरवका आयोजनाहरुको वित्तीय प्रगति

२१ वटा राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७७/७८ को जेठ मसान्त सम्ममा कुल बजेटको ३८ प्रतिशत रकम खर्च भएको छ । कुल बजेट रु. ९० अर्ब ९९ करोड रहेको उक्त आयोजनाहरुको हालसम्मको खर्च रु. ३४ अर्ब ६४ करोड रहेको छ । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र मेलम्ची खानेपानी आयोजना हालसम्मको खर्च १५ प्रतिशत भन्दा कम रहेको छ भने सबैभन्दा बढी खर्च पशुपति विकास कोषले गरेको छ ।

**राष्ट्रिय गौरवका योजनाहरु विवरण**

**आ.व. २०७७/०७८ को बजेट र खर्चको विवरण २०७८/०२/३१ सम्मको**

| सि.नं. | निकायको नाम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | ८२७७७११००० | १९५४९०००१० | २३.६२ |
| २ | बुढी गण्डकी जलविद्युत आयोजना | ८०११४८६८२१ | १६०६५७८१०५ | २०.०५ |
| ३ | बबई सिंचाइ आयोजना | १४९९१००००० | १०७६९७८९०८ | ७१.८४ |
| ४ | महाकाली सिंचाइ आयोजना (कन्चनपुर) | ४३७३०००००० | ४१८६१३७०७.४ | ९५.७३ |
| ५ | सिक्टा सिंचाइ आयोजना | १५५७४००००० | ८७७४०३१३८.२ | ५६.३४ |
| ६ | रानी जमरा कुलरिया सिंचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत) | २२७५६००००० | १११५०४६१२७ | ४९.०० |
| ७ | भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | २४४०६६१००० | ९५३३१८७४९.१ | ३९.०६ |
| ८ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | २२५६५००००० | १२१४०७२५४४ | ५३.८० |
| ९ | मेलम्ची खानेपानी आयोजना | ५०६९५००००१ | ६९९०५६६४०.५ | १३.७९ |
| १० | पशुपति क्षेत्र विकास कोष | ६५९९३५००० | ६५४९३५००० | ९९.२४ |
| ११ | लुम्बिनी विकास कोष | ९५६७९७८९३ | ५५३७९०००० | ५७.८८ |
| १२ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १६९१०७१००० | ७९७२०७८४२.५ | ४७.१४ |
| १३ | काठमांडौ-तराई मधेश फाष्ट ट्र्याक | ८९६८८००००० | २३६६७२६४८० | २६.३९ |
| १४ | पुष्पलाल राजमार्ग(मध्य पहाडी राजमार्ग) | ८१३६७५८९६९ | ५४९३०७८०४१ | ६७.५१ |
| १५ | उत्तर दक्षिण राजमार्ग(कर्णाली, कालीगण्डकी र कोशी) | ३४४६७००००० | १६०५९२१३१८ | ४६.५९ |
| १६ | हुलाकी राजमार्ग (पुलहरु समेत) | ९४१५२००००० | ७२३१३८५००४ | ७६.८१ |
| १७ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | ८९२०८१४५६१ | ३७५८२३७१३६ | ४२.१३ |
| १८ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मे. वा.) | १०००००००००० | ५००००००००० | ५०.०० |
| १९ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ४७२५०००००० | ९१४०००००० | १९.३४ |
| २० | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | १०७५००००००० | ५००००००००० | ४.६५ |
| २१ | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बारा | ५००००००००० | ३५००००००० | ७०.०० |
| | **कुल जम्मा** | ९०९९६३३६२४५ | ३४६४१२४८७५१ | ३८.०७ |

# कोष तथा लेखा नियन्त्रक कार्यालयहरुको पूर्वाधार सुदृढीकरण

महालेखा नियन्त्रक कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको भौतिक पूर्वाधार सुधारमा समेत जोड दिएको छ । आर्थिक वर्ष २०७६/७७ मा झापा र म्याग्दी कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको भवन निर्माण कार्य सम्पन्न भएको छ भने डोटी, मुगु, रौतहट र ताप्लेजुङको कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको भवन निर्माणाधीन अवस्थामा रहेको छ । यसैगरी जाजरकोट, पाँचथर, सुर्खेत तथा मनाङ कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको भवन निर्माण कार्य प्रक्रिया उन्मुख रहेको छ । यसबाट आधुनिक प्रविधिमा आधारित सेवा प्रवाह हुने, कर्मचारीहरूको मनोबल उच्च हुँदै कार्य सम्पादनमा उल्लेख्य सुधार हुने तथा अर्थ मन्त्रालय मातहत कार्यालयको रुपमा रहेका कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले वित्तीय अनुशासन कायम गर्न नेतृत्वदायी भूमिका खेल्ने अपेक्षा गरिएको छ ।




*तस्बिर: कोष तथा लेखा नियन्त्रक कार्यालय झापाको नवनिर्मित भवन*

## National ICT Award, 2021 (Public Sector) महालेखा नियन्त्रक कार्यालयलाई

सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको उच्च मुल्याङकन गर्दै यस वर्षको "National ICT Award 2021 (Public Sector)" बाट महालेखा नियन्त्रक कार्यालय सम्मानित भएको छ । हरेक वर्ष राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको उपलक्ष्यमा प्रदान गरिँदै आएको उक्त सम्मान मिति २०७८/०१/१९ मा सम्माननीय प्रधानमन्त्रीको भर्चुअल उपस्थितिमा एक विशेष कार्यक्रमका साथ माननीय सूचना तथा सञ्चार प्रविधि मन्त्रीबाट महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनीलाई हस्तान्तरण गरिएको थियो । महालेखा नियन्त्रक कार्यालयले सरकारी रकम भुक्तानी र प्राप्त गर्न डिजिटलाइजेसन गरेको तथा डिजिटल नेपालको अभियानलाई सार्थकता दिन महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । यस किसिमको सम्मानबाट सरकारको विद्युतीय सुशासन कार्यान्वयनमा कार्यालयलाई थप हौसला प्राप्त भएको छ ।




*तस्बिर: माननीय सूचना तथा सञ्चार प्रविधि मन्त्रीबाट सम्मान ग्रहण गर्दै महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनी (२०७८/०१/१९)*

## विभिन्न पदक तथा पुरस्कारबाट सम्मानित

## निजामती सेवा दिवस, २०७७ बाट पुरस्कृत

प्रत्येक वर्ष भदौ २२ गते निजामती सेवा दिवसका अवसरमा प्रदान गरिँदै आएको निजामती सेवा पुरस्कारबाट यो वर्ष महालेखा नियन्त्रक कार्यालय र अन्तर्गतका कर्मचारीहरू समेत पुरस्कृत भएका छन् । सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै १७ औं निजामती सेवा दिवस, २०७७ को अवसरमा उहाँहरूलाई सरकारले पुरस्कृत गरेको हो । पुरस्कृत हुनुहुने कर्मचारीहरूको नामावली यस प्रकार रहेको छ ।

| सि.नं. | कर्मचारीको नाम, थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | डा. वीरेन्द्र कुमार मिश्र | प्रमुख कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषा |
| २ | लाल बहादुर विष्ट | लेखापाल | जिल्ला प्रशासन कार्यालय, बाजुरा |
| ३ | मनिला मादेन | लेखापाल | कोष तथा लेखा नियन्त्रक कार्यालय, ताप्लेजुङ्ग |

## राष्ट्रिय विभुषणबाट सम्मानित

राष्ट्रिय दिवस, २०७७ का अवसरमा २०७६ भदौ ३१ गतेको निर्णयबाट सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २७७ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा ५९३ जना महानुभावहरूलाई विभूषण (मानपदवी, अलङ्कार र पदक) प्रदान गर्नु भएको छ । जसबाट महालेखा नियन्त्रक कार्यालय वा लेखा समूह अन्तर्गतका कर्मचारीहरू समेत सम्मानित भएका छन् । विभूषित हुने कर्मचारीहरू देहाय बमोजिम रहेका छन् ।

| सि.नं. | विभुषण | नाम | पद | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| १. | प्रवल जनसेवा श्री (चतुर्थ) | श्री भेषप्रसाद भुर्तेल | उपमहालेखा नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय |
| २. | प्रवल जनसेवा श्री (चतुर्थ) | श्री पार्वती शर्मा | उपसचिव (लेखा) | उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय |
| ३. | प्रवल जनसेवा श्री (चतुर्थ) | श्री निर्मल न्यौपाने | उपसचिव (लेखा) | गृह मन्त्रालय |
| ४. | प्रवल जनसेवा श्री (पञ्चम) | श्री गोविन्दप्रसाद शर्मा | लेखापाल | मालपोत कार्यालय, वाग्लुङ |
| ५. | प्रवल जनसेवा श्री (पञ्चम) | श्री गणेशप्रसाद आचार्य | लेखापाल | कोष तथा लेखा नियन्त्रक कार्यालय, उदयपुर |

## कोष तथा लेखा नियन्त्रक कार्यालयहरु सम्मानित

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्य सम्पादन स्तरको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई सम्मानित गरेको छ । महालेखा नियन्त्रक कार्यालयले २०७७ चैत ११ र १२ गते काठमाडौँमा भर्चुअल स्वरूपमा सञ्चालन गरेको सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठी, २०७७ को अवसरमा यस्तो सम्मान घोषणा गरेको हो । वार्षिक हिसाब भिडानमा लाग्ने समय, आन्तरिक लेखापरीक्षणको स्थिति, समयमै Day Close को अवस्था, तोकिएको अवधिमा पारित भएको तलबी प्रतिवेदन, निवृत्तिभरण लगायतको विषय समेटेर वार्षिक कार्य सम्पादनको आधारमा उत्कृष्ट अंक प्राप्त गर्ने कोष तथा लेखा नियन्त्रक कार्यालयहरु पुरस्कृत भएका हुन । यस प्रकारको प्रोत्साहनले आगामी दिनहरूमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको कार्य सम्पादनमा बढोत्तरी हुने विश्वास लिइएको छ । यसरी पुरस्कृत हुने कोष तथा लेखा नियन्त्रक कार्यालयहरु देहाय अनुसार रहेका छन ।

| सि.नं. | पुरस्कार | कोष तथा लेखा नियन्त्रक कार्यालय |
|---|---|---|
| १. | सर्वोत्कृष्ट | कोष तथा लेखा नियन्त्रक कार्यालय, धनकुटा |
| २. | उत्कृष्ट | कोष तथा लेखा नियन्त्रक कार्यालय, डडेल्धुरा |
| ३. | उत्कृष्ट | कोष तथा लेखा नियन्त्रक कार्यालय, लमजुङ |

## स्वागत तथा बिदाई

आर्थिक वर्ष २०७७/७८ मा महालेखा नियन्त्रक श्री गोपीनाथ मैनालीलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिवको रुपमा विदाई गरियो भने सचिव श्री मधुकुमार मरासिनीलाई महालेखा नियन्त्रकको रुपमा स्वागत गरियो । यसैगरी सह-महालेखा नियन्त्रक श्री रमेश प्रसाद शिवाकोटीलाई दोलखा जिल्लाको प्रमुख जिल्ला अधिकारीको रुपमा, सह-महालेखा नियन्त्रक श्री भुपाल बराललाई प्रदेश नम्बर २ अन्तर्गतको मन्त्रालयमा, सह-महालेखा नियन्त्रक श्री बद्रिराज अर्याललाई वन तथा वातावरण मन्त्रालय र सह- महालेखा नियन्त्रक श्री भागिरथ पाण्डेयलाई राष्ट्रिय सुचना आयोगका लागि विदाई गरियो । यसका साथै सहसचिब श्री ज्ञानेन्द्र पौडेल, सह-सचिव श्री थान प्रसाद पंज्ञानी र सह-सचिव श्री उमाकान्त आचार्यलाई सह-महालेखा नियन्त्रकको रुपमा स्वागत गरियो ।

## बिदाई हुनुभएका महालेखा नियन्त्रक तथा सहमहालेखा नियन्त्रकहरुः

| पद | नाम, थर | हाजिर हुनु भएको मिति | विदाई हुनु भएको मिति |
|---|---|---|---|
| महालेखा नियन्त्रक | श्री गोपीनाथ मैनाली | २०७६/०५/०६ | २०७७/०६/०५ |
| सह-महालेखा नियन्त्रक | श्री रमेश प्रसाद शिवाकोटी | २०७६/०१/०९ | २०७७/०६/२२ |
| सह-महालेखा नियन्त्रक | श्री भुपाल बराल | २०७६/११/२८ | २०७७/०४/११ |
| सह-महालेखा नियन्त्रक | श्री बद्रिराज अर्याल | २०७६/१०/२६ | २०७७/१२/३० |
| सह-महालेखा नियन्त्रक | श्री भागिरथ पाण्डेय | २०७७/०६/०७ | २०७७/१२/३१ |

## स्वागत गरिएका महालेखा नियन्त्रक तथा सहमहालेखा नियन्त्रकहरुः

| पद | नाम, थर | हाजिर हुनु भएको मिति |
|---|---|---|
| महालेखा नियन्त्रक | श्री मधुकुमार मरासिनी | २०७७/०६/०५ |
| सह-महालेखा नियन्त्रक | श्री ज्ञानेन्द्र पौडेल | २०७७/०४/१२ |
| सह-महालेखा नियन्त्रक | श्री थान प्रसाद पंज्ञानी | २०७८/०१/०६ |
| सह-महालेखा नियन्त्रक | श्री उमाकान्त आचार्य | २०७८/०१/०६ |

